# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बेलवारी नगरपालिका
## मोरङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बेलवारी नगरपालिका

मोरङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बेलवारी नगरपालिका

मोरङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेष्ठ, २०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १३६

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री प्रमुख/अध्यक्ष ज्यू ,

बेलवारी नगर कार्यपालिकाको कार्यालय,

मोरङ्ग ।

१. **कैफियत सहितको राय** – हामीले यस पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.५ करोड ६६ लाख २५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रू.२ करोड ७ लाख २६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१६ लाख ९२ हजार, नियमित गर्नुपर्ने रू.३ करोड ४१ लाख ४ हजार र पेश्की बाँकी रू.१ लाख ३ हजार समेत रू.३ करोड ५९ लाख २ हजार रहेको छ । यस पालिकाको गतवर्ष सम्म रू.१३ करोड ३७ लाख १० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.१२ करोड ६७ लाख ९३ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. यस पालिकाको विशेष व्यहोरा वित्तीय विवरणसँग प्रत्यक्ष सम्बन्ध छ भने समावेस गर्ने र नभएमा २.३ हटाइ तलको निम्नानुसार व्यहोरा कायम नै गर्ने

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(श्रीकुमार राई)**

**नायब महालेखापरीक्षक**

बेलवारी नगरपालिका,

मोरङ्ग जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७७ | ९२ | ५६६२५ | ० | ४८ | २०७२६ | ३ | ७७ | ४४ | ३५९०२ | ३ | ३४१०४ | १६९२ | ० | ० | ३५७९६ | १०३ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ्ग | १३३७१० | ० | ४२८१६ | ९०८९४ | ० | ३५८९९ | १२६७९३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | २९ | पेश्की फस्यौंट गरी बेरूजू फस्यौंट | ३७७५०७।४८ |
| २ | | ३७ | प्रमाण पेश गरी बेरुजु फस्यौंट | ११०००००० |
| ३ | | ४४ | प्रमाण पेश गरी बेरुजु फस्यौंट | ४९२३९९ |
| ४ | | ४८ | प्रमाण पेश गरी बेरुजु फस्यौंट | ९९९९९ |
| ५ | | ४९ | प्रमाण पेश गरी बेरुजु फस्यौंट | १०५०००० |
| ६ | | ५२ | असुल दाखिला गरी बेरूजू फस्यौंट | ४२४०० |
| ७ | | ५४ | प्रमाण पेश गरी बेरुजु फस्यौंट | १७९६१५६ |
| ८ | | ५९ | प्रमाण पेश गरी बेरुजु फस्यौंट | ५६०००० |
| ९ | | ६६ | प्रमाण पेश गरी बेरुजु फस्यौंट | १०८०००० |
| १० | | ६७ | प्रमाण पेश गरी बेरुजु फस्यौंट | ३८३०००० |
| ११ | | ७४ | असुल दाखिला गरी बेरूजू फस्यौंट | २१५८३ |
| १२ | | ७८ | प्रमाण पेश गरी बेरूजू फस्यौंट | ५०००००० |
| १३ | | ८३ | प्रमाण पेश गरी बेरुजु फस्यौंट | ४६३८७६ |
| १४ | | ९० | प्रमाण पेश गरी बेरुजु फस्यौंट | २२५०००० |
| १५ | | ९२ | असुल दाखिला गरी बेरूजू फस्यौंट | १०९९७ |
| १६ | | ९४ | प्रमाण पेश गरी बेरुजु फस्यौंट | १५५२०५७।१६ |
| १७ | | ९५.१ | असुल दाखिला गरी बेरूजू फस्यौंट | ४८७३० |
| १८ | | ९५.२ | असुल दाखिला गरी बेरूजू फस्यौंट | २०१९९ |

| | | | | |
|---|---|---|---|---|
| १९ | | ९७ | असुल दाखिला गरी बेरूजू फस्यौंट | २४१५३१ |
| २० | | ९९ | प्रमाण पेश गरी बेरुजु फस्यौंट | ६२०३०२ |
| २१ | | १०० | प्रमाण पेश गरी बेरुजु फस्यौंट | ६८०६० |
| | **चालु वर्षको जम्मा** | | | **२,०७,२५,७९७।००** |
| | **गत विगत वर्षतर्फको** | | | |
| १ | **२०७८।७९** | विभिन्न | मिति २०८० देखि २०८१।२।३ सम्मको विभिन्न मितिमा सम्परीक्षण भएको रकम | २,५८,७६,९७०।५० |
| २ | **२०७७।७८** | विभिन्न | मिति २०८० देखि २०८१।२।३ सम्मको विभिन्न मितिमा सम्परीक्षण भएको रकम | १,६९,३८,९२९।२० |
| ३ | २०७६।७७ | | | - |
| | **गत विगतको जम्मा** | | | **४,२८,१५,८९९।७०** |
| | **कुल जम्मा** | | | **६,३५,४१,६९६।७०** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) बेलवारी नगरपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १३२.७९ वर्ग किलोमिटर तथा जनसंख्या ८० हजार २०८ जना रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।। देखि २०८०।। सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता,

प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजनतर्फ रू. ०, राजश्वतर्फ रू. ०, धरौटीतर्फ रू. ०, अन्य कारोबारतर्फ रू. ०, आय — व्ययतर्फ रू.२,५४,६०,४४,३०१।३२, सम्पत्ति तथा दायित्व तर्फ रू. ० को गरी जम्मा रू.२,५४,६०,४४,३०१।३२ को लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू. ७०००।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रू. |
|---|---|---|
| १ | बढी भुक्तानी | ७००० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | १३५४०४७७९.३ | १ | चालु खर्च | ५७७२४१३७६.८४ |
| | क) संचित कोष | ९३१०९६२९.८४ | २ | पूँजीगत खर्च | २८१८३४६५२.४ |
| | ख) धरौटी खाता | २३३७६९९३.५७ | ३ | वित्तीय व्यवस्था भुक्तानी | २७६२७५२.९० |
| | ग) विविध खर्च खाता/कोष | १५१२३४५९.७५ | | क) ऋण भुक्तानी | ० |
| | घ) प्रकोप व्यावस्थापन कोष | ३७९४६९६.१३ | | ख) ब्याज भुक्तानी | २७६२७५२.९ |
| २ | राजस्व ( आन्तरिक आय) | २२३१८८५२४.६ | ४ | लगानी | ० |
| | क) आन्तरिक राजस्व | ५५७२१०१३.४७ | | ऋण लगानी | |
| | ख) संघीय राजस्व बाँडफाँड | १००२५७९०५.४ | | शेयर लगानी | |
| | ग) प्रदेश सवारीसाधन कर | १५१८७५६५.४८ | | अन्य लगानी | |
| | घ) स्थानीय राजस्व बाँडफाँड | ५२०२२०४०.२८ | ५ | विभिन्न कोषतर्फको खर्च | ३१९३३४१२.४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | वित्तीय हस्तान्तरण संघ | ५८०५२९८६० | | क) विविध खर्च खाता/कोष | ९७२४५०९ |
| | क) वित्तीय समानीकरण अनुदान | १८१२०७५०० | | ख) प्रकोप व्यावस्थापन कोष | ६९३०२४७ |
| | ख) सशर्त अनुदान | ३६७५६१८१७ | | ख) धरौटी फिर्ता | १५२७८६५६.४ |
| | ग) समपूरक अनुदान | २७०००००० | ६ | जनश्रमदान फिर्ता | |
| | घ) विशेष अनुदान | ४७६०५४३ | | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | २१८१८८७५ | ७ | अनुदान फिर्ता | २१६६४१९२.५ |
| | क) वित्तीय समानीकरण अनुदान | ९६८१८७५ | | क) संघीय सरकार तर्फ फिर्ता | २११५६६१७.५ |
| | ख) सशर्त अनुदान | ५०३७००० | | ख) प्रदेश सरकार तर्फ फिर्ता | ५०७५७५ |
| | ग) समपुरक अनुदान | ७१००००० | ८ | मौज्दात | ११६०१६४४६.६ |
| | घ) विशेष अनुदान | ० | | क) सञ्चित कोष खाता | ७०९४६३१९.७२ |
| ५ | अन्तर सरकारी हस्तान्तरण प्राप्त | ३६७२७९९३० | | ख) चालु खर्च खाता | ० |
| | क सामाजिक सुरक्षा | ३३२४७९११४ | | ग) पुजिगत खर्च खाता | ० |
| | ख) गरिव संग विश्वेश्वर | ० | | घ) धरौटी खाता | ३०९५११८१.५ |
| | ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | ३४८००८१६ | | ङ) प्रकोप व्यावस्थापन कोष | १८८९४४९.१३ |
| | घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम | ० | | च) विविध खर्च खाता/कोष | १२२२९४९६.२५ |
| ६ | अन्य | १८३४८५३७.५ | ९ | जनश्रमदान मौज्दात | ० |
| | क) जिल्ला समन्वय समिति | ९७७५००० | | | |
| | ख) सडक बोर्ड नेपाल | ५६५०००० | | | |
| | ग) अन्तरसरकारी साझेदारी | १७१९३९९ | १० | अन्तर सरकारी हस्तान्तरण प्राप्त | ३६७२७९९३० |
| | घ) करुणा फाउण्डेसन | १००४६९१ | | क सामाजिक सुरक्षा | ३३२४७९११४ |
| | ङ) प्रादेशिक रस्थानीय साशन सहयोग | १९९४४७.५ | | ख) गरिव संग विश्वेश्वर | ० |
| ७ | विभिन्न कोषतर्फको आय | ३४७०८३८९.८३ | | ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | ३४८००८१६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | क) विविध खर्च खाता/कोष | ६८३०५४५.५ | | घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम | ० |
| | ख) प्रकोप व्यावस्थापन कोष | ५०२५००० | | | |
| | ग) धरौटी आय | २२८५२८४४.३३ | | | |
| ८ | विषयगत निकायबाट प्राप्त | १७४५३८६७.४ | | | |
| ९ | जनसहभागिता (नगद) | ११४८३४९३.४ | | | |
| १० | नगर विकाष कोष आन्तरिक ऋण | ५९७०३७४ | | | |
| ११ | अन्य विविध आय | ० | | | |
| | **जम्मा** | **१३९८७३२७६३.६१** | | **जम्मा** | **१३९८७३२७६३.६१** |

सैद्धान्तिक बेरुजु

३ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरुजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.३३,२४,७९,११४।००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू.३,४८,००,८१६।००, र अन्य रू.१,८३,४८,५३७।५० समेत गरी रू.३८,५६,२८,४६७।५० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू.१,२२,२८,७३४।४९, यस वर्षको प्राप्ति रू.४०,११,७२,८५६।९९, यस वर्षको भुक्तानी रू.३८,८९,५५,९०७।८३ र बैङ्क मौज्दात रू.११,७८५।३३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १४७६३३५१३.७९ | ८६२१५५१२७.३२ | ८९३७६०४०९.१८ | ११६०२८२३१.९३ |
| एकीकृत आर्थिक विवरणअनुसार | १३५४०४७७९.३० | १२६३३२७९८४.३१ | १२८२७१६३१७.०१ | ११६०१६४४६.६० |
| फरक | १२२२८७३४.४९ | -४०११७२८५६.९९ | -३८८९५५९०७.८३ | ११७८५.३३ |

सैद्धान्तिक बेरुजु

६ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू.११,३४,८५,७८१।१६मौज्दात रहेकोमा यो वर्ष रू.१३,५४,०४,७७९।३० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.२,१९,१८,९९८।१४ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाताको प्रकार | श्रेस्ता अनुसारबाकी रु | बैंक अनुसार बाकीरु | फरक |
|---|---|---|---|
| ग १.१ आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३ आन्तरिक अनुदान खाता | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| ग १.५.३ आन्तरिक ऋण प्राप्ति खाता | ० | ० | ० |
| ग २.२ चालू खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ३०८६२२१।०० | ३०८६२२१ |
| ग ३.१ स्थानीय तह धरौटी खाता | ३०९५११८१.५ | ३०९५११८१.५० | ० |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ७०९४६३१९.७२ | ७०९४६३१९.७२ | ० |
| ग ५.१ स्थानीय तह विविध कोष खाता | १२२२९४९६.२५ | १२२२९५००.२५ | -४ |
| ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | ० | ० | ० |
| ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १८८९४४९.१३ | १८८९४४९.१३ | ० |
| **जम्मा** | **११६०१६४४६.६०** | **११९१०२६७१.६०** | **३०८६२२१** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म यस गाउँपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्दश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ ।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू :

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाइएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाइयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको पाइएन ।
- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार नगरेको
- विभिन्न विद्यालयको माग फाराम अद्यावधिक गरी राखेको पाइएन ।
- विद्यालयमा हुने शिक्षक सरुवा, बढुवा, अवकाश, राजिनामा, विस्थापित आदिको विवरण अधावधिक गरी राखेको पाइएन ।
- शिक्षकको तलबी विवरणमा स्थायी, अस्थायी, करार, राहत आदि स्पष्ट रुपमा उल्लेख गरी विवरण राखेको पाइएन ।
- सशर्त तर्फबाट तलबभत्ता प्राप्त गर्ने शिक्षक, स्वास्थ्यकर्मी, उद्यमशिल विकासकर्ता, रोजगार संयोजक लगायत अरु कर्मचारीहरुको सरुवा बढुवा पदस्थापना, विस्थापित, अवकास तथा राजिनामा आदिको विवरण अद्यावधिक गरी राखेको पाइएन ।
- तलबी निकासा विवरण फाराममा ग्रेड संख्याको ठाउँमा ग्रेड रकम मात्र उल्लेख गरी तलब निकासा गरेको पाइयो ।
- पालिका अन्तर्गतका विद्यालयलहरुको लेखापरीक्षण भएको पाइएन ।
- अन्य निकायबाट प्राप्त औषधिको अभिलेख व्यवस्थित राखेको पाइएन ।
- कर्मचारीको अवसकास, विदा, सरुवा तथा स्तरवृद्धिसम्बन्धी विवरण अभिलेख अद्यावधिक राखेको पाइएन ।
- लाभग्राहीहरुको विस्तृत परिचय खुल्ने विवरण सहितको अभिलेख व्यवस्थापन राखेको पाइएन ।
- बैंक नगदी किताबमा भौ.नं हरु क्रमवद्ध ढंगले उल्लेख गरेको पाइएन ।
- बैंक नगदी किताबमा कतिपय नं का भौचरहरु सिर्जना भएको देखिएन ।
- समायोजन गरिएका भौचरहरुसंग सम्बन्धित विवरण अद्यावधिक गरि राखेको पाइएन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत

तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१० **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी

आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रू.१ अर्ब ३७ करोड २५ लाख ८ हजार ४ सय ३३ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल ५६९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रू.२० लाख माथिका योजना सङ्ख्या | रू.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रू.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३४४ | ४० | ७९ | २३५ |
| २. | वडास्तरीय | २२५ | ० | १२५ | १०० |
| **जम्मा** | | **५६९** | ४० | २०४ | **३३५** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ५३० योजना कार्यान्वयन भई ३९ योजना कार्यान्वयन हुन सकेको देखिएन ।

तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/ योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ५६९ | ३९ | ० | ० | ५३० |

सैद्धान्तिक बेरुजु

१५ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४१०९३५००।०० | ३१६०५३०४.६५ | ३.६४ |
| सामाजिक क्षेत्र | ४००८४९८५९.८४ | ३६५०२५३९५.४३ | ४२.०२ |
| पूर्वाधार विकास क्षेत्र | ४०४०८२८१०।०० | २४५६६२३६५.३७ | २८.२८ |
| वातावरण तथा विपद् व्यवस्थापन | ८७९४६९६.१३ | ६९३०२४७।०० | ०.८० |
| संस्थागत विकास र सेवाप्रवाह, वित्तीय व्यवस्थापनर सुशासन | ३६०९१०००।०० | २६९१४७६९.५१ | ३.१० |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | २०२०४७०००।०० | १९२६३४३४७.१५ | २२.१७ |
| **जम्मा** | **१०९२९५८८६५.९७** | **८६८७७२४२९.११** | **१००।००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४२.०२ प्रतिशत र वातावरण तथा विपद् व्यवस्थापनमा सबै भन्दा घटीमा ०.८० प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१६ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| जम्मा खर्च | २८१८३४ | २५०५६ | २८९१९ | ७३५७४ | १५४२८५ | ९७०६६ |
| खर्च प्रतिशत | १०० | ८.८९ | १०.२६ | २६.११ | ५४.७४ | ३४.४४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.२८ करोड १८ लाख ३४ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रू.२ करोड ५० लाख ५६ हजार (८.८९ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.२ करोड ८९ लाख १९ हजार (१०.२६ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.७ करोड ३५ लाख ७४ हजार (२६.११ प्रतिशत) र चौथो त्रैमासिकमा रू.१५ करोड ४२ लाख ८५ हजार (५४.७४ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.९ करोड ७० लाख ६६ हजार (३४.४४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू.५,५७,२१,०१३।४७ राजस्व बाँडफाँडबाट रू.१०,०२,५७,९०५।४ समेत रू.१,३९,८७,३२,७६३।६१ आम्दानी भएकोमा चालु तर्फ रू.५७,७२,४१,३७६।८४ र पूँजिगत तर्फ रू.२८,१८,३४,६५२।४० र वित्तीय ब्यबस्था तर्फ रू.२७६२७५२।९० समेत रू.८६,१८,३८,७८२।१४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.१५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.१,१०,००,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको १९.७४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४१.२६ प्रतिशत चालु र २०.१४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **रकमान्तर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ योजना तर्जुमा तथा कार्यान्वयन को २४(१) मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्राभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिकगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना बनाई लागु गर्नु पर्ने व्यवस्था छ । साथै उपदफा (६)मा गाउँपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्यायनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मुल्यांकन योजना समेत तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले आव २०७९।०८० को स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रममा परेको योजनालाई बेलबारी नगरपालिकाको अर्धवार्षिक नगरसभाको निर्णयबाट रकामान्तर गरी ४९ योजना शिर्षकमा विनियोजन गरेको बजेट बाट घटाई ५९ योजना (नयाँ थप समेत) मा थप गरी रू.१ करोड १४ लाख को बाँडफाँड गरी खर्च गरेको छ । यसरी सुरु विनियोजन गरेका योजना तथा कार्यक्रम सञ्चालन नगरी आर्थिक वर्षको अन्त्यमा योजना परिवर्तन गरी कार्य गर्दा कार्यको गुणस्तरीयता कायम नहुने तथा बजेटको दुरुपयोग हुने जोखिम रहने भएकोले यस प्रकार रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १९९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १८७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२० **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रू.३,१६,५८,९०४।०९ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ४१ जना करार नियुक्ति

गरी बर्षभरीमा रू.१,९८,९४,८०१।०० भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रू.

| सि नं | पद तह | संख्या | मासिक तलव | महिना | यस वर्ष तलब भत्तामा भएको खर्च रकम |
|---|---|---|---|---|---|
| १ | मेडिकल अफिसर | २ | ४८७३७ | १३ | २६७१६२१ |
| २ | इन्जिनियर(अधिकृत छैठौ) | २ | ४३६८९ | १३ | ११३५९१४ |
| ३ | सव-इन्जिनियर | ४ | ३४७३० | १३ | १८०५९६० |
| ४ | अ-सव-इन्जिनियर | ३ | ३२९०२ | १३ | १२८३१७८ |
| ५ | सहायक चौथो | २ | ३२९०२ | १३ | ८५५४५२ |
| ६ | सहायक कम्प्यूटर अपरेटर चौथो | ११ | ३२९०२ | १३ | ४७०४९८६ |
| ७ | सामाजिक परिचालक चौथो | ३ | ३२९०२ | १३ | १२८३१७८ |
| ८ | अ.हे.ब. चौथो | १ | ३२९०२ | १३ | ४२७७२६ |
| ९ | अ.न.मी चौथो | ४ | ३२९०२ | १३ | १७१०९०४ |
| १० | हे.अ. पाँचौ | ३ | ३४७३० | १३ | १३५४४७० |
| ११ | स्टाफ नर्स पाँचौ | १ | ३४७३० | १३ | ४५१४९० |
| १२ | रेडीयोग्राफर पाँचौ | १ | ३४७३० | १३ | ४५१४९० |
| १३ | डार्करुमअपरेटर चौथो | १ | ३२९०२ | १३ | ४२७७२६ |
| १४ | ल्याव टेक्निसीयन पाँचौ | २ | ३४७३० | १३ | ९०२९८० |
| १५ | ल्याव अ. चौथो | १ | ३२९०२ | १३ | ४२७७२६ |
| | **जम्मा** | ४१ | | | **१९८९४८०१** |

| | |
|---|---|
| अनियमित भएको | १,९८,९४,८०१ |

२१ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रू.६१ लाख ९ हजार २सय ७० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २७ वटा ऐन, ७ वटा नियमावली, ४० कार्यविधि लगायत ८८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ८८ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १८ र यो वर्ष थप भएको ४९ गरी कुल ६८ विवाद दर्ता भएकोमा ५५ वटा मात्र फस्यौंट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रू.१ करोड ७ लाख आर्थिक सहायता वितरण गरेको छ । यस प्रकारको भुक्तानि कति जना र कस्ता व्यक्तिलाई भुक्तानी गरेको हो सो को अभिलेख व्यवस्थित गरेको छैन । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.५,५२,७८,५१८।९७ को १९.३५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना

भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२७ **धरौटी -**

२७.१ मू.अ.कर समायोजनः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा कार्यालयले निर्माण लगायत अन्य कार्यको खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्सन मनि फिर्ता भुक्तानी गर्दा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले नेपाल पूर्वाधार

कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.लाई रू.२,९८,०७०।०० धरौटी फिर्ता दिंदा मू.अ.कर समायोजन पत्र पेश बेगर धरौटी फिर्ता गरेकोले मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९८,०७० |

२७.२ धरौटी सदरस्याहा - प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम ६६ मा प्रचलित कानूनमा अवधि तोकिएमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता लिन नआएमा राजस्वमा आम्दानी बाँधनुपर्ने उल्लेख छ । यस आ.व.को अन्तमा पालिकाको धरौटी खातामा रू.३,०९,५१,१८१।०० मौज्दात रहेको देखियो । प्रयोजन सकिएको धरौटी रकम नियममा भएको व्यवस्था अनुसार सदरस्याहा गरी धरौटी खाता अद्यावधिक गरिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७.३ व्यक्तिगत धरौटी खाता - आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली,२०७७ को नियम ६४(१) मा कार्यालयले आफ्नो नामबाट एकल कोष धरौटी खातामा जम्मा गरेको धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ। पालिकाले व्यक्तिगत धरौटी राखेको छैन। अतः पालिकाले व्यक्तिगत धरौटी खाता राखी अध्यावधिक गर्नु पर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रू.२,१९,८५,९६०।४८ बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रू.४,८१,००७।४८ फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रू.

| क्रस | पेश्कीलिने | कार्यविवरण | रकम |
|---|---|---|---|
| १ | बेलबारी (सोमबारे) बजार ब्यबस्थापन समिति | हाटबजार व्यवस्थापन | २८,५००।०० |
| **जम्मा संस्थागत पेश्की** | | | २८,५००।०० |
| १ | तुलस विश्वकर्मा | खेलकुदबिकास कार्यक्रम | ७५,०००।०० |
| **जम्मा कुल पेश्की** | | | **१०३५००।००** |

***(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फर्स्यौट भई पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रू.३,७७,५०७।४८ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| पेश्की | १,०३,५०० |

३० **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायका कार्यमा ९ निर्माण व्यवसायीलाई रू.२ करोड १२ लाख ३० हजार ७ सय १८ पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| क्रस | पेश्कीलिने | पेश्की विवरण | रकम |
|---|---|---|---|
| १ | बिकाशवाइ एसस भुबनेश्वरी जे.भी. | अन्यसार्वजनिक निर्माण | ३५,८०,०००।०० |
| २ | रबिना - अबिशा - अभियान जे. भी. | व्यापारिककम्प्लेक्स बडा नं. १ | ३१,३५,०००।०० |
| ३ | रबिना - अबिशा - अभियान जे. भी. | व्यापारिककमप्लेक्स वडा नं.१ | ७,८५,३३६।०० |
| ४ | रबिना - अबिशा - अभियान जे. भी. | समपुरककोष सडक बोर्ड समेत | ४,७८,६६४।०० |
| ५ | अग्रीम – पि.पि. जे. भी. | सितभन्डार कोल्ड स्टोरेज | ४२,००,०००।०० |
| ६ | जयभवानी निमार्ण सेवा | पुंजिगतसुधार खर्च समपुरक कोष | २,४०,०००।०० |
| ७ | जयभवानी निमार्ण सेवा | पुंजिगतसुधार खर्च समपुरक कोष | ६,००,०००।०० |
| ८ | सुनसरीगढी कन्स्ट्रक्सन एण्ड कम्पनी | धैतीपुल बाट शान्ति टोल जाने बाटो कालोपत्रे (नगर साझेदारी कार्यक्रम) | ४,२५,०००।०० |
| ९ | सयपत्रीनिर्माण सेवा | साझामार्ग कालोपत्रे (नगरपालिकाको साझेदारीमा) | ५,२३,७१८।०० |
| १० | बराहक्षेत्रनिर्माण सेवा | बेलवारीबहुमुखि क्याम्पस प्रसाशनिक भवन निर्माण | ६,६०,०००।०० |
| ११ | बराहक्षेत्रनिर्माण सेवा | बेलवारीबहुमुखि क्याम्पस प्रसाशनिक भवन निर्माण | ८,२५,०००।०० |
| १२ | अग्रीम – पि.पि. जे. भी. | सितभन्डार कोल्ड स्टोरेज | ४२,००,०००।०० |

| | | | |
|---|---|---|---|
| १३ | धर्मराजकन्स्ट्रक्सन | धोकरजानेबाटो विकास बस्नेतको घरहुदै दक्षिण विद्यालय सम्म नाला सहित कालो पत्रेबेलवारी ५ | ७,८९,०००।०० |
| १४ | धर्मराजकन्स्ट्रक्सन | धोकरजानेबाटो विकास बस्नेतको घरहुदै दक्षिण विद्यालय सम्म नाला सहित कालो पत्रेबेलवारी ५ | ७,८९,०००।०० |
| **जम्मा मोविलाईजेशन पेश्की** | | | २,१२,३०,७१८।०० |

सैद्धान्तिक बेरुजु

३१ **मकैको बिउ वितरण -** बिउ विजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८ को परिच्छेद-४ दफा १०(७) मा कृषकलाई उन्नत बिउमा दिइने अनुदान मूल्यमा बढीमा ५० प्रतिशत दिइने व्यवस्था छ । पालिकाले एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत वडा नं. ५ ले रोइलो एग्रोभेटबाट रु ४,९९,७३०।०० को ४८७ केजी मकैको बिउ खरिद गरी विभिन्न ४२८ जना कृषकलाई शत प्रतिशत अनुदानमा दिएको देखियो । यसरी शत प्रतिशत अनुदान दिँदा पालिकालाई थप आर्थिक व्ययभार बढने एवं कृषकहरुमा अपनत्व कायम नहुने हुँदा कृषकको समेत लागत सहभागिता रहने गरी कार्यविधि बनाई अनुदान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३२ **धानको बिउ वितरण -** बिउ विजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८ को परिच्छेद-४ दफा १०(७) मा कृषकलाई उन्नत बिउमा दिइने अनुदान मूल्यमा बढीमा ५० प्रतिशत दिइने व्यवस्था छ । वडा नम्बर ९ कार्यालयको एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत रू. ५,००,०००।०० बजेट बिनियोजन भएकोमा सरस्वती कृषि भण्डारबाट ८८४० केजी धानको बिउ (राम) खरिद गरी ढुवानी रू.४,४४०।०० समेत रू. ४,९९,४८०।०० भुक्तानी गरेको छ । पालिकाले बिउ वितरण सम्बन्धमा छुट्टै मापदण्ड बनाएको छैन । खरिद गरेको बिउहरु प्रति व्यक्ति १० केजी देखि १०० केजी सम्म २४८ जनालाई वितरण गरेको भरपाई पेश गरेपनि कृषकको लागत सहभागिता नराखी शत प्रतिशत नै अनुदान दिएकोछ । कृषकलाई धानको बिउ वितरण गरेका फोटाहरु एवं कृषकले बुझेको भरपाईमा फोन नम्बर समेत उल्लेख नगरेकोले सबै विवरण खुलाई अभिलेख राख्नुपर्छ । साथै शत प्रतिशत अनुदान दिँदा पालिकालाई थप आर्थिक व्ययभार बढने एवं कृषकहरुमा अपनत्व कायम नहुने हुँदा कृषकको समेत लागत सहभागिता रहने गरी कार्यविधि बनाई अनुदान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३३ **लागत सहभागिता -** सरकारी खर्चमा मितव्यियता मापदण्ड, २०७८ को दफा २०(२) मा प्रदेश तथा स्थानीय तहले यो मापदण्डको प्रतिकूल नहुने गरी मितव्ययिता तथा सार्वजनिक खर्चको प्रभावकारिता सम्बन्धी मापदण्ड बनाई लागु गर्ने व्यवस्था छ ।साथै, कृषि, पशु तथा साझेदारी हुने खालको कार्यक्रम संचालन गर्ने संघीय तथा प्रदेश सरकारले निर्माण गरेका विभिन्न कार्यविधि, निर्देशिका तथा मापदण्डहरुले समेत लागत सहभागिता अनुसार कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । तर पालिकाले कृषकको लागत सहभागिता नराखी वार्षिक बजेट, नीति तथा कार्यक्रममा समावेश गरी देहायबमोजिमका कार्यक्रम संचालन गरेको छ । साथै लाभग्राही कृषकहरुको छनोट के आधारमा गरेको हो सो समेत स्पष्ट गरेको देखिएन । यसरी कृषकको लागत सहभागिता नराखी कार्यक्रम संचालन गर्दा कार्यक्रमबारे कृषकहरुको अपनत्व प्रवर्द्धन नहुने कार्यक्रमको प्रभावकारीता कम हुने एवं पालिकालाई थप व्ययभार समेत पर्ने हुँदा यस्तो कार्यक्रम संचालन गर्दा एवं संघ तथा प्रदेश द्धारा जारी मापदण्ड एवं निर्देशिकाहरुलाई समेत मध्यनजर गरी लागत सहभागिता हुने गरी संचालन गर्नुपर्ने देखिन्छ । यसरी लागत सहभागिता नराखी संचालन गरेका कार्यक्रमका केही उदाहरण देहायबमोजिम छनः

| भौ नं मिति | लाभग्राही | आयोजना | परिमाण | भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| नगरस्तरिय पशु कार्यक्रम चालु २५५।२०७९।८।१९ | १५१ जना विभिन्न वडाका कृषक | हिउँदे घाँसको विउ खरिद | २२९० केजि | २४९६०० | लाभग्राही छनौट तथा वितरणको आधार पेश भएन |
| | १०५ जना लाभग्राही | मिनिकीट | २१५ के.जी | ९९७२० | लाभग्राही छनौट तथा वितरणको आधार पेश भएन |
| नगरस्तरीयपशु चालु २७५।२०७९।१०।२६ | १७ वटा कृषि फर्म | माछा भुरा | १७८५०३ गोट | १५३००० | लाभग्राही छनौट तथा वितरणको आधार पेश भएन |
| पालिका पुँजीगत ५४।२०७९।८।११ | वडा नं. ९का कृषक | धानको बिउ( एक वडा एक धान खेती) | ५४९५ केजी | ३२९७०० | लाभग्राही छनौट तथा वितरणको आधार पेश भएन |

सैद्धान्तिक बेरुजु

३४ **बेलबारी अपाङ्ग सेवा संघलाई अनुदान -** स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिक सशक्तिकरण एवं संस्था सुदृढीकरण कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ को दफा ६ मा अनुदान रकम फस्यौट प्रक्रियाबारे उल्लेख गरेको छ । जस अनुसार संस्थाले आर्थिक वर्षको अन्त्यमा सम्पूर्ण खर्चको सक्कल बिल भरपाई संस्थामा राखी उक्त बिल भरपाईको प्रमाणित प्रतिलिपि सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने तथा आर्थिक वर्ष समाप्त भएको नब्बे दिन भित्र लेखापरीक्षण गराई उक्त लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले बेलबारी अपाङ्ग सेवा संघलाई रू.२,००,०००।०० अनुदान उपलब्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म प्रमाणित बिल भरपाई तथा लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले सो प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

३५ **बाँसको बिरुवा उत्पादन खर्च -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रू.११,००,०००।०० सम्परीक्षण गरिएको ।)*

३६ **लागत सहभागिता -** बिउ विजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८ को परिच्छेद-४ दफा १०(७) मा कृषकलाई उन्नत बिउमा दिइने अनुदान मूल्यमा बढीमा ५० प्रतिशत दिइने व्यवस्था छ । पालिकाको वडा नं. ६ कार्यालयले कृषि सामग्री कम्पनी लि.बाट रू.१,८४,७३०।०० को ३१८५ केजी धानको बिउ खरिद गरी विभिन्न कृषकलाई वडाको निर्णयबाट शत प्रतिशत अनुदानमा वितरण गरी ढुवानी समेत रू.२,००,०००।०० खर्च गरेको छ । यसरी शत प्रतिशत अनुदान दिँदा पालिकालाई थप आर्थिक व्ययभार बढने एवं कृषकहरुमा अपनत्व कायम नहुने हुँदा कृषकको समेत लागत सहभागिता रहने गरी कार्यविधि बनाई अनुदान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७ **चापकटर वितरण -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल, २०७७ को परिच्छेद ७ मा बिउ विजन, साना कृषि औजार तथा साना सिंचाई पूर्वाधार आदिमा ५० देखि ८५ प्रतिशत अनुदान दिन सकिने व्यवस्था छ । वडा नं. ७ कार्यालयले एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत जे एण्ड एस ट्रेडर्सबाट १३ सेट चापकटरको रू.४,८१,०००।०० मा खरिद गरी विभिन्न कृषि फर्मलाई निशुल्क अर्थात शत प्रतिशत अनुदानमा वितरण गरेको छ । यसरी शत प्रतिशत अनुदान दिँदा पालिकालाई थप आर्थिक व्ययभार बढने एवं कृषकहरुमा अपनत्व कायम नहुने हुँदा कृषकको समेत लागत सहभागिता रहने गरी कार्यविधि बनाई अनुदान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८ **लागत सहभागिता -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल,२०७७ को परिच्छेद ७ को ७.१ मा कृषि उत्पादन, कृषि औजार तथा साना सिंचाइ पूर्वाधार आदिमा ५० देखि ८५ प्रतिशत अनुदान परियोजनाबाट व्यहोर्ने प्रावधानको व्यवस्था छ । पालिकाले देहायको संस्थासंग पालिकाबाट तथा कृषक लाभग्राहीबाट व्यहोर्ने गरी पकेट निरन्तरता कार्यक्रम संचालन गरी देहाय बमोजिम रु.६,००,०००।०० भुक्तानी गरेको छ । कृषकको तर्फबाट व्यहोरिएको अंश रु.५,७४,३१३।०० को सम्बन्धमा कृषक समूहहरुले सम्बन्धित आपूर्तकलाई भुक्तानी गरेको सुनिश्चित गर्ने दाखिला भौचर पेश भएन । यसले गर्दा कृषकहरुले आफुले व्यहोर्नुपर्ने अंश व्यहोरी सामान लिए नलिएको एकिन हुन नसकेको हुँदा यस सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन सहित नियमित गर्नुपर्ने देखिएको रु

| भौ नं | संस्था | विल रकम | भुक्तानी | नदेखिएको अंश | कार्यक्रम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ७४।२०७९।१०।११ | सौन्दर्य कृषि सहकारी संस्था-४ | ११७४३१३ | ६००००० | ५७४३१३ | **मकैबाली पकेट निरन्तरता** |

| | |
|---|---|
| अनियमित भएको | ५,७४,३१३ |

३९ **ईन्धन खर्च -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको किसिम इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । यस कार्यालयमा १९ वटा मोटर साइकल र अन्य ८ वटा ठुला सवारी समेतका लागि कार्यालय प्रयोजन इन्धन रू.७७,७९,५२४।०० पदाधिकारी इन्धन तर्फ रु.५,४४,४३२।०० र इन्धन अन्य प्रयोजनका लागि रू.२८,९००।०० समेत रु.८३,५२,८५६।०० एवं कन्टिन्जेन्सीबाट समेत थप खर्च गरेकोमा इन्धन खर्चको मापदण्ड तयार नगरेको, सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी तथा उत्पादनमुखी बनाउन इन्धन खर्च मापदण्ड निर्माण गर्ने तथा इन्धन प्रयोगमा नियन्त्रित गरी यसको व्यवस्थित अभिलेख राख्ने गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४० **अनुत्पादक एवं वितरणमुखी खर्च -** स्थानीय सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनोट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले अन्य सामाजिक क्षेत्र सुधार कार्यक्रममा रु.३५,००,०००।०० बजेट विनियोजन गरी पटके निर्णय र तोक आदेशका आधारमा खर्च गरेकोमा अधिकांश कार्यक्रमहरु वितरणमूखि एवं अनुत्पादक कार्यक्रममा खर्च गरेको छ । यस्ता कार्यक्रममा खर्च गर्ने परिपाटीमा नियन्त्रण एवं सुधार हुनुपर्दछ । यसका उदाहरण देहाय बमोजिम छन्ः

| भौ.नं./मिति | वितरण | भुक्तानी रकम |
|---|---|---|
| १८।२०७९।५।२२ | उज्यालो महिला फेडेरेशनलाई तिज कार्यक्रम गर्न सहयोग | ५०००० |
| ९९।२०७९।६।५ | खवास कलाकेन्द्र तथा सांस्कृतिक संघलाई कार्यक्रमको रकम भुक्तानी | ५०००० |
| १७५।२०७९।७।२ | श्रीमद् भागवत धर्म प्रसाद संस्थालाई कार्यक्रम गर्न रकम सहयोग भुक्तानी | १७५००० |
| १९७।२०७९।७।६ | थारु कल्याणकारी सभालाई जितिया पर्व कार्यक्रम गर्न सहयोग भुक्तानी | १७५००० |
| २२६।२०७९।७।२९ | विक्यान संस्थालाई हरिवोधनी एकादशी संस्कृतिक कार्यक्रम गर्न सहयोग भुक्तानी | १००००० |
| ५३१।२०७९।११।१९ | बेलबारी जेसीसलाई पदस्थापन तथा पुरस्कार वितरण गर्न सहयोग भुक्तानी | १२५००० |
| ६३५।२०७९।१२।७ | रैझार आदर्श एकता समाजलाई हरिवोधनी एकादशी सांस्कृतिक कार्यक्रम गर्न | १००००० |

| | | |
|---|---|---|
| ७०४।२०७९।१२।२० | बेलबारी नगर स्काउटलाई संयुक्त ट्रेनिङ क्याम्प खडा गर्ने कार्यक्रम बापत भुक्तानी | २००००० |
| ७८९।२०८०।१।१४ | स्वर्गीक मार्ग संघ नेपाललाई स्पीकर वक्स एम्प्लिफायर खरिद गर्न | ३००००० |

सैद्धान्तिक बेरुजु

४१ **जीवन निर्वाह खर्च -** पालिकाले नगर प्रहरी बन तथा वारुण यन्त्रमा कार्य गरेका देहाय बमोजिमका करार सेवाका कर्मचारीलाई निजहरुले २०७९।९।२९ मा राजिनामा दिएको अवस्थामा २ वर्ष ६ महिना भन्दा बढी सेवा गरेकालाई रू.१,७५,०००।०० र सो भन्दा कम काम गरेकालाई रु.१,२५,०००।०० का दरले ४ जनालाई नगर कार्यपालिकाको २०७९।११।११ को निर्णयले पालिकाको चालु तर्फको बजेटबाट निर्वाह खर्च भुक्तानी गरेको छ । पालिकाले कार्यविधि बेगर छोटो अवधि करारमा रहेका कर्मचारीलाई निर्वाह भत्ता दिने निर्णय गरी भुक्तानी दिने कार्य नियमसम्मत नदेखिएको रू.

| | | |
|---|---|---|
| असिस्टेन्ट सहायक निरीक्षक | सल बहादुर गुरुङ | १२५००० |
| नगर प्रहरी जवान | भरत प्रसाद भट्टराई | १७५००० |
| नगर प्रहरी जवान | पुस्प थापा | १२५००० |
| अग्नि निरोधक | विसाल सुहाङ | १२५००० |
| जम्मा | | ५५०००० |

| | |
|---|---|
| अनियमित भएको | ५,५०,००० |

४२ **बिमा रकम भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका कर्मचारीहरुको विगत ४ वर्ष देखिको बिमा प्रिमियम तिर्न छुटेको भनि नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडलाई रू.१,८५,९०४।०० भुक्तानी गरेको छ। उक्त बिमा प्रिमियम ४ वर्ष देखि नतिरि हाल जरिवाना समेत भुक्तानी गरेको छ भने उक्त व्यक्तिगत जीवन बिमाको रकम कार्यालयले भुक्तानी गरिदिनु पर्ने कारण स्पस्ट भएन । तर्सर्थ यस सम्बन्धमा कार्यालयको तर्फबाट बिमा प्रिमियम भुक्तानी गर्ने कानुनी आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| क्र.सं. | कर्मचारीको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | श्री चतुर्भुज माझी | ४६४६० |
| २ | श्री महेन्द्र खड्का | ४६४६० |

| | | |
|---|---|---|
| ३ | श्री घनश्याम भण्डारी | ४६४९२ |
| ४ | श्री राज कुमार राई | ४६४९२ |
| | **जम्मा** | **१८५९०४** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८५,९०४ |

४३ **अन्य निकायको खर्च -** स्थानीय सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनोट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले छुट्टै अस्तित्व र संघीय बजेट प्राप्त गरेका ट्राफिक प्रहरी कार्यालय बेलबारी, इलाका प्रहरी कार्यालय बेलबारी, सशस्त्र प्रहरी बल नेपाल वेस क्याम्प विभिन्न प्रहरी चौकीहरुलाई स्थानीय सुरक्षा साझेदारी र सहकार्यमा रू.१५,००,०००।०० बजेट विनियोजन गरी इन्धन तथा विभिन्न बिलको भुक्तानी गरेको छ । त्यसै गरी मालपोत कार्यालय बेलबारीलाई समानीकरण अनुदानबाट प्राप्त रकम मध्येबाट अभिलेख व्यवस्थापनका लागि रू.४,००,०००।०० अनुदान दिएको छ । यसरी संघीय सरकारबाट बजेट प्राप्त गर्ने कार्यालयलाई स्थानीय सरकार सञ्चालन ऐनको भावना र मर्म अनुकुल नहुने गरी बजेट विनियोजन गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १९,००,००० |

४४ **वितरण भरपाई-**

*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रू.४,९२,३९९।०० सम्परीक्षण गरिएको ।)*

४५ **खेलकुद विकास कार्यक्रम -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट अनुमान तयार गर्दा अबण्डा नराखी कार्यक्रम र बजेट सहित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खेलकुद विकास कार्यक्रमका लागि एकमुष्ट अबण्डा स्वरुप रू.८०,००,०००।०० बजेट विनियोजन गरी पुरै रकम खर्च गरेको छ । विनियोजित बजेट खर्च गर्दा कार्यपालिकाबाट पटके निर्णय गरी विभिन्न क्लबहरुलाई खेलकुद सामग्री खरिद गरि दिने, विभिन्न खेलकुद प्रतियोगितामा भएका खर्चहरुको भुक्तानी गरिदिने, विभिन्न खेलकुदका सामान खरिद गरी तोक आदेश बमोजिम विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गर्ने लगायतमा खर्च गरेको देखियो । यसै बजेटबाट डाँगीहाट युथ क्लब बेलबारीलाई अन्तर्राष्ट्रिय आमन्त्रण गोल्डकप प्रतियोगिताका लागि रू.२५,००,०००।०० सम्म भुक्तानी गरेको देखियो । सभाबाट बजेट स्वीकृत भई सकेपछि प्राप्त बजेट र कार्यक्रमको स्वीकृत कार्यविधिको आधारमा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्नुपर्नेमा पटक पटकको तोकादेश तथा कार्यपालिकाको पटके निर्णयबाट बजेट बाँडफाँट गरी खर्च गर्नाले स्थानीय सरकार सञ्चालन ऐनको दफा ७१ को पालना भएको देखिएन । यसरी अबण्डा स्वरुप एकमुष्ट बजेट विनियोजन गरी कार्यपालिकाको पटके निर्णयबाट खर्च गर्ने कार्य उचित नदेखिएकोले यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **मसलन्द तथा कार्यालय सामाग्री -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने । दफा ८(२) मा यस ऐन र र ऐनअन्तरगत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख भएकोमा यसवर्ष कार्यालयले टेण्डरबाट रू.३७,६६,३०९।०० र अन्य पटक पटक गरी कार्यालय सामान शिर्षकमा रू.४२,३३,४२१।०० समेत रू.७९,९९,७३०।०० खर्च गरेको देखियो । सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, पारदर्शीता एवं विश्वसनियता प्रवर्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरागरी सिलबन्दी दरभाउपत्र एवं बोलपत्रको माध्यमबाट खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४७ **विपन्न वर्गलाई आकस्मिक सहयोग -** पालिकाले सरकारी रकम खर्च गर्दा स्वीकृत वार्षिक नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुमा केन्द्रित रही खर्च गर्नुपर्दछ । यस वर्ष पालिकाले विभिन्न वडाहरुबाट विपन्न वर्गलाई आकस्मिक सहयोग गर्नका लागि बजेट विनियोजन गरेकोमा वडा अध्यक्षको तोकादेश अनुसार केहीलाई ५,००० देखि १०,०००।०० सम्म रकमै तथा केहीलाई दाल चामल खरिद गरिदिने एवं चापाकल लगायतका सामग्री दिने गरेको पाइयो । यसका अतिरिक्त देहाय बमोजिमका वडाहरुले विपन्न वर्गलाई आकस्मिक सहयोगको लागि विनियोजित रकमबाट अन्य क्षेत्रमा खर्च गरेको देखिएकोले यस्तो खर्च नियमसम्मत नदेखिएको रू.

| वडा नं. | विनियोजित रकम | विवरण | रकम |
|---|---|---|---|
| १ | २२५००० | विनियोजित रकममध्ये फुटबल प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, क्रिकेट क्लबलाई सहयोग, भलिबल प्रतियोगिता खवास समाजलाई सहयोग, मिडिया खर्च आदि | ३४००० |
| ६ | ५००००० | तिज कार्यक्रम, जितिया पर्व कार्यक्रम, नेपाली कांग्रेस सम्मेलन, सशस्त्र प्रहरी क्याम्प एवं प्रहरी चौकीलाई सहयोग, शैक्षिक भ्रमण, क्लबलाई खेलकुद सामग्री, बाटो मर्मत, कार्यालयमा वाइफाइ जडान, खेलकुद तथा सांस्कृतिक कार्यक्रम आदिमा खर्च | १९३२८० |
| ८ | ३५०००० | प्रहरी चौकीलाई पूजा खर्च, न्यूज खर्च, फुटबल क्लबलाई सहयोग, राजवंशी समाजलाई सहयोग आदिमा खर्च | २५००० |
| ९ | २००००० | प्रहरी चौकीलाई पूजा खर्च, धिमाल जाती सांस्कृतिक कार्यक्रम, राजवंशी समाजलाई सांस्कृतिक कार्यक्रम, डाँगीहाट फुटबल क्लबलाई सहयोग, नेवा समाजलाई सहयोग आदिमा खर्च | ६५००० |
| १० | ११७००० | खस क्षेत्री नेपाललाई कार्यक्रम गर्न, क्लब तथा समाजलाई सहयोग, विद्यालयलाई सहयोग, प्रहरी चौकीलाई सहयोग आदि | ४३००० |

| | | |
|---|---|---|
| जम्मा | | ३८०२८० |
| | अनियमित भएको | ३,८०,२८० |

४८ **बिल भरपाई -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रू.९९,९९९।०० सम्परीक्षण गरिएको ।)*

४९ **पदाधिकारी अनुगमन भत्ता -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रू.१०,५०,०००।०० सम्परीक्षण गरिएको ।)*

५० **तालिम सञ्चालन -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सबलिकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था उल्लेख छ । पालिकाले देहाय बमोजिमका विभिन्न गैरसरकारी संस्था मार्फत विभिन्न तालिम सञ्चालन गरेको छ । यस्ता तालिम सञ्चालनका लागि सुचिकृत ३ संस्थाबाट प्रस्ताव माग हुने गरेकोले कार्यक्रमका लागि छुट्याइएको बजेटको हाराहारी हुनेगरी खुला प्रस्ताव पेश हुने गरेको हुँदा प्रतिस्पर्धात्मक र मितव्ययी भएको देखिदैन । त्यसैगरी पालिकाले लागत अनुमान तयार गर्दा समेत तत्थ्यपरक रुपमा तयार नगरी छुट्याइएको बजेट अनुसार तयार गर्ने र प्रस्ताव पेश गर्नेले समेत सोही आधारमा प्रस्ताव पेश गरेको देखिन्छ । त्यसैगरी अधिकांश तालिममा तालिम सम्पन्न पश्चात प्रस्तावमा उल्लेख गरेका सबै क्रियाकलापलाई पुष्टि गर्ने बिल भरपाई नराखी एकमुष्ट संस्थाको भ्याट बिल पेश गरेकोले सबै प्रक्रिया अबलम्बन गरी तालिम सम्पन्न गरे/नगरेको यकिन गर्न सक्ने अवस्था नदेखिएकोले पालिकाले यस तर्फ सचेत रही सबै प्रक्रिया पालना गरे/नगरेको यकिन गरी खर्चको यथार्थता सुनिश्चित गर्नुपर्ने देखिन्छ । यसका अतिरिक्त यस किसिमका तालिमहरु विगत वर्षमा पनि हुने गरेकोमा सो को अभिलेख नराखेकोले गत वर्ष तालिम लिएकाहरुलाई नदोहोर्‍याई नयाँलाई अवसर प्रदान गर्न सके नसकेको यकिन गर्न सकिने अवस्था देखिएन । त्यसैगरी विगत र चालु वर्ष सञ्चालित यस किसिमका तालिम प्राप्त व्यक्तिहरुमध्ये कतिले रोजगारी प्राप्त गरे वा कतिले आफ्नो व्यवसाय सञ्चालन गरे भन्ने सम्बन्धमा कुनै अनुगमन मूल्याङ्कन गरी अभिलेखीकरण गरेको देखिएन । तसर्थ तालिमको उपलब्धी मूल्याङ्कन गरेर मात्र यस्ता कार्यक्रम सञ्चालन गर्ने र उपलब्धी नहुने किसिमका तालिम सञ्चालन गरी खर्च गर्ने पद्धतिमा नियन्त्रण एवं सुधार हुनुपर्दछ ।

| गोभौनं./मिति | तालिम/कार्यक्रमको नाम | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ५००।२०७९।११।१५ | डमी खेलैना बनाउने तालिम | वातावरण संरक्षण तथा समाजजिक रुपान्तणर समाज | २९५२१२ |
| ५३२।२०७९।११।१९ | क्रिष्टल माला बनाउने तालिम | वातावरण संरक्षण तथा समाजजिक रुपान्तणर समाज | १४६५०० |

| | | | |
|---|---|---|---|
| ५७०।२०७९।११।२५ | कुक तालिम | ओमसाई टेक्निकल इन्स्च्युट प्रा.लि. | २०८००० |
| ५८०।२०७९।११।२८ | हाउस वाइरिङ तालिम | पाथीभरा सिप विकास तालिम केन्द्र | २९८००० |
| ६४२।२०७९।१२।१२ | कृषकलाई पशु सम्बन्धी तालिम | पूर्वाञ्चल सिप विकास प्रशिक्षण केन्द्र | १९८१५० |
| ७०१।२०७९।१२।२० | डाका बुनाई तालिम | ए.वि.सी. ननओभन झोला उद्योग एण्ड सिप विकास प्रशिक्षण केन्द्र | ४९६०७० |
| ७५३।२०८०।१।१७ | पम्विङ तालिम | सफल एकेडेमी | २४४०३५ |
| ७८८।२०८०।१।१४ | कुक तालिम | आरम्भ पोलिटेक्निक इन्स्च्युट एण्ड रिसर्च सेन्टर | २९४९३० |
| ८१६।२०८०।१।२६ | लोक सेवा तयारी कक्षा | साइवर स्पेस कम्प्युटर इन्स्च्यूट | ४९६००० |
| ८३१।२०८०।१।३१ | बुटिक तालिम | मोरङ टेक्निकल इन्स्च्यूट | २३५४६४ |
| ८३९।२०८०।२।१ | हाउस वाइरिङ तथा प्लम्विङ तालिम | एक्सपर्ट टेक्निकल कलेजप्रालि | ४९७४८२ |
| १०३९।२०८०।३।१० | क्रिष्टल माला बनाउने तालिम | नेपाल ग्रीन लिङ्क फाउण्डेशन प्रालि | १९७००० |
| १०४३।२०८०।३।१० | कुक तालिम | ओमसाई टेक्निकल इन्स्च्युट प्रा.लि. | २६०००० |
| १०५९।२०८०।३।१२ | कम्प्युटर तालिम | सफल एकेडेमी | १४८५९५ |
| १०६०।२०८०।३।१२ | युवा उद्यमशीलता तालिम | ड्रिमल्याड फन प्रालि | ४३४०८९ |
| **जम्मा** | | | ४४४९५२७ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१ **नाम तोकी अनुदान -** पालिकाले LMBIS मा विपन्न दलित, आदिवासि, जनजाति तथा सीमान्तकृत महिलाहरुलाई आत्मनिर्भर बनाउनको लागि विउँपुजीको रुपमा रु.३,५०,०००।०० बजेट प्राप्त गरी मिति २०७९।३।०८ गते गठित आदिवासी जनजाति पशुपालन समूहको नाममा नेपाल आदिवासी जनजाती महासंघ, नगर समन्वय परिषद बेलबारी अनुदान स्वरुप भुक्तानी गरेको छ । यसरी विउपूजीको रुपमा प्राप्त बजेट कसरी खर्च गर्ने सम्बन्धमा कुनै मापदण्ड पेश भएको छैन । यसरी संस्था तोकि कार्यक्रम तर्जुमा हुँदा कार्यक्रममा स्वच्छता,पार्दिशता र प्रतिस्पर्धी भएको समेत देखिएन । तसर्थ यस सम्बन्धमा निश्चित मापदण्ड निर्धारण गरी अनुदान रकमको प्रभावकारी उपयोग सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ ।

| भौ नं मिति | कार्यक्रम पाउने | प्रयोजन | भुक्तानी |
|---|---|---|---|
| विपद व्यवस्थापन ३४।२०८०।३।२४ | आदिवासी जनजाति महिला उत्थान पशुपालन समूह | सिमान्तकृत, दलित तथा आदिवासि महिलाको उत्थान | ३५०००० |

सैद्धान्तिक बेरुजु

५२ **प्रवृधि हस्तान्तरण -**
*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रू.४२,४००।०० सम्परीक्षण गरिएको ।)*

५३ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामा १० योजना सञ्चालन गरी यस वर्ष १७४ जनालाई औसत ५१.२२ दिनले ८९१२।२८ दिन रोजगारी उपलव्ध गराई रु.५१,४२,३८५।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

५४ **सडक बति जडान -**
*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रू.१७,९६,१५६।०० सम्परीक्षण गरिएको ।)*

५५ **बेलबारी बहुमुखी क्याम्पस संचालन अनुदान -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा आधारभुत तथा माध्यमिक शिक्षा स्थानिय तहको अधिकार हुने उल्लेख छ। साथै नेपालको संविधान २०७२ को अनुसूची ६ मा उच्च शिक्षा सम्बन्धि अधिकार प्रदेश सरकारको हुने उल्लेख छ । पालिकाले यस वर्ष बेलबारी बहुमुखी क्याम्पस निर्माण तथा व्यवस्थापन अनुदान कार्यक्रममा रू.५०,००,०००।०० बजेट विनियोजनगरी निकासा भुक्तानी दिएको देखियो । उच्च शिक्षा संचालन गर्ने संस्थालाई दिनेअनुदान व्यवस्थित गर्न पालिकाले कानुन निर्माण गरेको देखिएन साथै उक्त अनुदान उपयोग गर्ने सम्बन्धिमा क्याम्पससँग कुनै प्रकारको सम्झौता समेत गरेको देखिएन । अनुदान उपयोग सम्बन्धि कानुनि व्यवस्थाका साथै क्याम्पससँग सम्झौता नगरेको अवस्थामा अनुदान उपयोगको लेखाजोखा तथा अनुगमन समेत गर्न नसकिने भएकोले सवैंधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानिय सरकार संचालन ऐन समेतका आधारमा कानुनी व्यवस्था गरेर अनुदान दिनुपर्नेमा सो गरेको नदेखिएकोले आवश्यक कानुन निर्माणगरी सोको आधारमा अनुदान तोकिएको प्रयोजनमा उपयोग भएको प्रमाण संलग्न राखि नियमित गर्नुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | ५०,००,००० |

५६ **शिक्षा सिकाई निरन्तरता -** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।०८० को बुँदा नं २.८.१४ को क्रियाकलाप नं २.७.१३.४९ मा कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपद्को समयमा सिकाइ निरन्तरताका लागि राष्ट्रिय स्तरमा तयार हुने सिकाइ क्षति परिपुरण योजनामा उल्लेखित कार्यक्रम समावेश गरी स्थानीय स्तरको योजना निर्माण गर्नुपर्ने व्यवस्था छ । साथै पुस्तिकामा प्रविधिमा पहुँच नपुगेका वर्गलाई लक्षित गरी विषयगत शिक्षकको रोष्टर विकास गरी केन्द्रबाट विकास भएका तथा वैकल्पिक सिकाइका लागि स्वीकृत अध्ययन सामग्रीसमेतलाई आधार मानी स्थानीय तहबाट थप सिकाइ सामाग्री विकास तथा छपाइ र वितरण गर्ने विद्यालयले यस प्रकारका सामग्रीको प्रयोगमा प्रोत्साहन गर्ने र सिकाइमा सहजीकरण गर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम संचालनको लागि योजना नबनाई पाठ्यक्रम विकास तथा सिकाइ केन्द्र, सानोठिमीबाट मान्यता प्राप्त कक्षा ६ तथा ७ का लागि स्वअध्ययन पुस्तिका क्रमश १२१० गोटा तथा १३१५ गोटा प्रति गोटा रु १७५ र २०४ मा हरिचरण स्ट्शनरी, विराटनगरबाट कोटेसन मार्फत कुल रु.४,८०,०१०।००लागतमा खरिद गरेको छ । खरिद गरिएका उक्त सामाग्रीहरुलाई विद्यार्थीसंख्याको आधारमा नभई गोटाको हिसाबले १९ ओटा सामुदायिक विद्यालय तथा २६ ओटा संस्थागत विद्यालयलाई समेत भरपाई मार्फत वितरण गरेको छ । यसरी कोभिड-१९ बाट क्षति पुगेको शैक्षिक अवस्थामा कार्यक्रम पुस्तिकामा भएका अरु माध्यमबाट सुधारउन्मुख बनाउने सक्ने व्यवस्था हुँदा हुँदै सबै विद्यालयलाई पुग्ने गरी परिमाण पुस्तक खरिद नगरी तथा खरिद गरिएको पुस्तकमध्ये पनि मागको आधारमा संस्थागत विद्यालयलाई समेत वितरण गरेको कार्यले अनुदानको प्रभावकारी उपयोग भएको देखिएन ।तसर्थ यस किसिमका कार्यक्रम कार्यान्वय गर्दा सबै विद्यार्थीहरुले सुविधा पाउने गरि गरिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७ **बढी ग्रेड -** आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुग वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।पालिकाले देहायबमोजिमका विद्यालयहरुको शिक्षकहरुको तलब भुक्तानी गर्दा निजको नाममा तलबी प्रतिवेदन पारित नगरी तथा पारित गरिएको भन्दा बढी हुने गरी ग्रेड रकम भुक्तानी गरेको हुनाले सो को पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| विद्यालय | शिक्षक | भुक्तानी हुनुपर्ने ग्रेड | भुक्तानी भएको ग्रेड | बढी ग्रेड भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| धनपाल मा.वि | चक्र बहादुर राई | ० | ६५८२ | ९७७४२ | चाँडपर्व समेत १२ महिना संचयकोष समेत, ग्रेड पारित नभएको |
| कालिका मा.वि-९ | तर्पणलाल राजवंशी | ८१०६ | ९२६४ | १२७३८ | चाँडपर्व समेत ९ महिनाको भुक्तानी संचयकोष समेत |

| | | | | | |
|---|---|---|---|---|---|
| कालिका मा.वि | तुलसीप्रसाद कोइराला | ८१०६ | ९२६४ | १२७३८ | चाँडपर्व समेत ९ महिनाको भुक्तानी संचयकोष समेत |
| **जम्मा** | | | | १२३२१८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२३,२१८ |

५८ **पाठ्यपुस्तक, दिवा खाजा तथा छात्रवृति वितरण कार्यक्रम -** पाठ्यपुष्तक - कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।८० को कृयाकलाप नं २.८.३ को बुँदा नं क को १ मा स्थानीय तहले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यालयहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्कयक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यस्था छ ।पालिकाले भौ नं १०५।२०७९।१२।२० बाट रु.४३,३३,९६९।०० तथा भौ नं १७२।२०८०।०३।०४ बाट रु.११,६४,४०५।०० समेत रु.५४,९८,३७४ ।०० विभिन्न ३१ विद्यालयको नाममा पठाएको छ । दोस्रो पटक निकासा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेर मात्र निकासा दिनु पर्नेमा यकिननै नगरी विभिन्न विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि निकासा गरिएको रु.५४,९८,३७४।०० बमोजिमको पाठ्यपुस्तक खरिद गरी IEMIS प्रणालीमा व्यवस्थित विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ ।

दिवा खाजाः कार्याक्रम कार्यान्वय पुस्तिका २०७९।८० को बुँदा नं २.८.७ को ग मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मको विद्यालय सङ्ख्यालाई आधार मानि प्रति विद्यालयका लागि दैनिक रु १५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने तथा बुँदा नं घ मा दोस्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पूरा चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्राधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यालयको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने व्यवस्था छ । पालिकाले भौ नं ६०।२०७९।८।२५ बाट रु.२०,९२,६१०।००, भौ नं ९८।२०७९।१२।०९ बाट रु.३२,१२,३५५।०० , भौ नं १३८।२०८०।०२।०९ बाट रु.२४,५९,६२०।०० तथा बाँकी भौ नं २४४।२०८०।०३।२१ बाट रु.३४,५३,६६०।०० गरी कुल रु.१,१२,१८,२४५।०० रकम निकासा गरेको छ । यसरी दिवा

खाजा वापतको रकम विभिन्न विद्यालयको नाममा निकासा गर्दा कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम विद्यालयको प्राधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यालयको सङ्ख्यात्मक विवरण प्रमाणीत नगराई तथा थप निकासा दिनुभन्दा अगाडी पहिलो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भयो भएन बारे कुनै प्रतिवेदन नै जारी नगरी निकासा गरेको कार्य विश्वनिय नभएकोले यसमा सुधार हुनुपर्छ ।

छात्रवृतिः कार्यक्रम कार्यान्वय पुस्तिका, २०७९।८० को कृयाकलाप नं २.८.४ मा उल्लेखित आवासीय एवम् गैर आवासीय छात्रवृत्ति प्राप्त गर्ने सङ्ख्या यकिन गरी तोकिएको दर अनुसार शीर्षक खोली स्थानीय तहमा बजेट माग गर्ने तथा छात्रवृति अनुदान प्राप्त विद्यालयको विव्यसले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक सङ्घ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान(छात्रवृति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृति पाउने छात्रछात्राहरुको नामवालीसहितको विवरण अधावधिक गर्ने तथा सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रुपमा टाँस्न लगाई सोही अनुरुप छात्रवृति वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ नं १५५।२०८०।०२।२५ बाट रु.२१,१०,०००।०० रकम छात्रवृतिका लागि विभिन्न विद्यालयको नाममा निकासा पठाएको रकमको सम्बन्धमा पालिकाबाट प्रभावकारी ढंगले अनुगमन गरी सम्बन्धित विद्यार्थीहरुले तोकिएको छात्रवृत्ति पए नपाएको यकिन गर्नुपर्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५९ **छात्रवृति भुक्तानी -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रू.५,६०,०००।०० सम्परीक्षण गरिएको ।)*

६० **ECEC कार्यक्रम -** पालिका र Early Childhood Education Center बिच मिति २०७८ पौष १७ देखि २०७९ पौष १६ सम्म साझेदारीमा विभिन्न ८ कार्यक्रम गर्ने गरी सम्झौता भएको छ । उक्त कार्यक्रममध्ये ५ कार्यक्रम ECEC ले सञ्चालन गर्ने तथा बाँकी कार्यक्रम पालिकाले गर्ने गरी सम्झौतामा हस्ताक्षर भएको छ । यसरी सम्झौता अनुरुपको कार्यक्रम सञ्चालन गर्नको लागि पालिका तथा ECEC को अनुदानबाट पालिकाको नाममा रहेको कोषबाट सम्झौतामा उल्लेख भएको भन्दा फरक कार्यक्रम अन्तराष्ट्रिय साक्षरता दिवस तथा शिक्षक सम्मानको कार्यक्रममा रु.१,०१,०००।०० खर्च गरेको छ । यसरी सम्झौतामा उल्लेख भइ प्राप्त गरेको बजेट विपरीत कार्यक्रम खर्च गर्ने कार्य उचित नदेखिएकोले यसतर्फ पालिकाले विशेष ध्यान दिनुपर्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६१ **सिल्भर भोलिन्टियर्स -** पालिकाले अन्तर्गतका विद्यालयहरुमा अध्यापनरत स्थायि शिक्षकहरु लामो समयसम्म विदामा बस्नुपर्ने अवस्थालाई मध्यनजर गरी पालिकाको आन्तरिक स्रोतबाट व्ययभार व्यहोर्ने गरी मा.वि, नि.मा.वि तथा प्रा.वि आदि तहका विद्यालयहरुमा निज स्थायि शिक्षकहरु अनुपस्थित रहुन्जेलसम्म हाजिरको

आधारमा दैनिक ज्यालामा शिक्षकहरु नियुक्त गरी अध्यापन कार्य गर्दै आएको छ । यसरी शिक्षकहरु नियुक्त गर्दा प्रतिस्पर्धाभन्दा पनि पालिकाले केहि अवकासप्राप्त शिक्षकहरु तथा अध्ययन सकाएका विद्यार्थीहरुलाई नियुक्त गरी अध्यापन गराएको जनाएको छ । तर नियुक्त शिक्षकहरुको शैक्षिक योग्यता खुल्ने कुनै पनि विवरण संलग्न गरेको देखिएन । तसर्थ पालिकाले यस्तो कार्यक्रम संचालनमा शिक्षकहरुको नियुक्ति गर्दा प्रतिस्पर्धाको माध्यमबाट योग्य शिक्षकहरु छनौट गरी ति सुचिबाट प्राथमिकता र निजको आवश्यकताको आधारमा नियुक्त गरिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

६२ **विद्यालय अनुदान निकासाको अनुगमन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वमान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो अन्तरगत क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखमान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैंक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको नियमन गरेको प्रतिवेदन देखिएन । उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६३ **विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।०८० मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले आ.व.२०७९।८० मा विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६४ **संस्थागत विद्यालय -** स्यानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायि, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना,

अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ । पालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरी सोहि बमोजिम अनुगमन गर्नु पर्नेमा गरेको देखिएन । निजी विद्यालयहरुले शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गरेको देखिएन । पालिकाले आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित संस्थागत विद्यालयको नियमित अनुगमन सुपरीवेक्षण तथा नियमन गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ

सैद्धान्तिक बेरुजु

६५ **शिक्षक दरबन्दी तथा पदपुर्ति -** शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।०८० मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक धार, प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी अनुदानमा कार्यरत शिक्षक, प्रशिक्षक तथा कर्मचारीको विद्यालयबाट प्राप्त मागफारम रुजुगरी निर्धारीत तलब, भत्ता, पोशाक खर्च, चाडपर्ब खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ । साथै नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दी तथा राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड भए बमोजिमको शिक्षक दरवन्दी तथा पदपूर्ति देहाय वमोजिम रहेको र सोही बमोजिम अनुदान निकाशा भएको छ । विद्यालयमा शिक्षक विद्यार्थी अनुपात एकीन गरी नियमबमोजिम विद्यालय मर्ज र शिक्षक दरबन्दी मिलान हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरुजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६६ **पालिकाको कर्मचारीलाई सशर्तबाट भुक्तानी -**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रू.१०,८०,०००।०० सम्परीक्षण गरिएको ।)***

६७ **अनुदान निकासा -**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रू.३८,३०,०००।०० सम्परीक्षण गरिएको ।)***

६८ **क्याम्पसलाई छात्रवृत्ति अनुदान -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (३) मा नगरपालिकाले योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, महिला, बालबालिका तथा पिछडिएका वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने लगायत विषयलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ । पालिकाले विद्यालय तथा उच्च शिक्षा **छात्रवृत्ति (बेलबारी क्याम्पस) शीर्षकमा** रू.२०,००,०००।०० बजेट विनियोजन गरी रू.८,१८,१८०।०० खर्च गरेको देखियो । विनियोजित

रकम मध्ये नगर कार्यपालिकाको निर्णय तथा क्याम्पसको माग निवेदनको आधारमा यस वर्ष विभिन्न संकायका ५१ जना विद्यार्थीहरुको भर्ना शुल्क रू.५,१५,०५५।०० र गत आ.व.को भुक्तानी बाँकी रू.५,०३,१२५।०० समेत रू.८,१८,१८०।०० भुक्तानी दिएको देखियो । उच्च शिक्षा पालिकाको अधिकारक्षेत्र भित्र नपर्ने साथै छात्रवृत्ति वापत शैक्षिक संस्था तथा व्यक्तिलाई भुक्तानी दिने सम्बन्धि कानुनी व्यवस्था वेगर क्याम्पसमा भर्ना हुने सबै विद्यार्थीको भर्ना शुल्क बापत भुक्तानी दिने कार्य नियमसम्मत नदेखिएको हुदा पालिकाको आन्तरिक आय समेतलाई ध्यान दिई कार्यविधि बनाएर मात्र यस प्रकारको भुक्तानी गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६९ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ३२०१ जना रहेका छन। पालिकाले Angel Touch manufacturing Pvt Ltd, Lalitpur बाट ४१५०० प्याकेट स्यानिटरी प्याड रु.१५,९४,४३०।०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयलाई विद्यार्थी संख्यालाई ध्यान नदिई बराबरी दरले भरपाई मार्फत वितरण गरेको देखिन्छ । यसरी वितरण गर्दा वास्तविक माग भएको ठाउँमा प्याडको अभाव हुने तथा माग नहुने ठाउँमा प्याडको अनावश्यक भण्डारण हुने सम्भावना रहन्छ । तसर्थ वितरण गरिएका प्याडको भण्डारण विद्यालयहरुले सही ढंगले राखेको छन् छैनन सो सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन हुनुपर्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७० **छात्रवृत्ति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले आदिवासी जनजाती, गरिब विपन्न तथा जेहन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण कार्यक्रमबाट नेपाल आदिवासी जनजाती महासंघ, नगर समन्वय परिषद् बेलबारीलाई कार्यक्रममा तोकिए बमोजिमको वर्गलाई छात्रवृत्ति वितरण गर्न रकम भुक्तानी गरेको छ । यस किसिमका छात्रवृत्तिहरु पालिकाका वडा कार्यालयहरुबाट पनि हुने गरेको पाइन्छ । उक्त महासंघले प्राप्त रकममध्ये विभिन्न विद्यालय र क्याम्पस पढ्ने विभिन्न ३२ विलार्थीहरुलाई रू.१२,०००।०० का दरले रू.३,८४,०००।०० वितरण गरेको र बाँकी कार्यक्रममा खर्च भएका बिलहरु संलग्न गरेको छ । वितरण गरेको मध्ये १९ जनाले रकम बुझेको भरपाई देखिन्छ तर ती विद्यार्थी सम्बन्धित विद्यालयमा पढिरहेको खुल्ने प्रमाण छैन । त्यसैगरी ११ जनाले विद्यालय/क्याम्पसमा फि तिरेको, पुस्तक खरिद गरेको रसिद/बिल पेश भए पनि महासंघबाट रकम बुझेको भरपाई पेश भएको छैन भने २ जनाले

क्याम्पसमा तिरेको रसिद एवं रकम बुझेको भरपाई पेश नभएबाट वास्तविक खर्च यकिन भएन । तसर्थ पालिकाबाट अनुगमन गरी कार्यक्रमको उद्देश्य अनुरुपका विद्यार्थीहरुले छात्रवृत्ति पाए/नपाएको पुष्टयाई गर्ने प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

७१ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले निम्नानुसार १० वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रू.३३,२४,७९,१०५।०० मध्ये रू.१०,२०,९९६।०० कोष तथा लेखा नियन्त्रण कार्यालयमा फिर्ता गरेको देखिन्छ । यसमा देखिएका थप व्यहोराहरु निम्नानुसार छनः

७१.१ **सामाजिक सुरक्षा भत्ता वितरण -** यस पालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही तथा भत्ता वितरणको आ.व. २०७८।७९ तथा आ.व. २०७९।८० को अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | लाभग्राही वर्ग | आ.व. २०७८।७९ को चार त्रैमासिकको औसत संख्या | आ.व. २०७९।८० को चार त्रैमासिकको औसत संख्या | भत्ता दर |
|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक | ३९५९ | ५१४९ | ४००० |
| २ | जेष्ठ नागरिक दलित | ३४४ | ३१९ | २६६० |
| ४ | जेष्ठ नागरिक (एकल महिला) | ९२४ | ७१७ | २६६० |
| ५ | विधवा | १०५४ | १११६ | २६६० |
| ६ | पूर्ण अपाङ्गता (क वर्ग) | १६३ | १८६ | ३९९० |
| ७ | अति अशक्त अपाङ्गता (ख वर्ग) | ३७५ | ४०३ | २१२८ |
| ८ | लोपोन्मुख जाती | ५ | ५ | ३९९० |
| १० | बालबालिका दलित | ३३४ | ३२९ | ५३२ |
| **जम्मा संख्या** | | **७१५८** | **८२२४** | |
| **जम्मा वितरण गरेको रकम** | | **२८९०७५३०६** | **३३२१६०८३७** | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७१.२ **एम.आई.एस. विवरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आई एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस.मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं. दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

**खर्च भिडान -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकलेतोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७२ **गैरसरकारी संस्थाबाट काम -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सबलिकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था उल्लेख छ । यस पालिकाले एकिकृत हातेमालो समाज नेपाल (SIAN) सँग जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माणका लागि लागत अनुमान रू.२७,६८,७५०.१८ मा बेलवारी नगरपालिकाको रू.२५,००,०००।०० र श्रम सहभागिता रू.२६८,७५०.१८ सहितको कार्य गर्न सम्झौता भए अनुसार २०८०।३।१५ कार्यसम्पन्न गरी रू.२५,००,०००।०० अन्तिम भुक्तानी गरेको छ । यसरी गैर सरकारी संस्था मार्फत निर्माण कार्य गराउन सक्ने नियमको व्यवस्था रहेको देखिदैन । यस सम्बन्धमा केन्द्र बाटै सम्बन्धित संस्थाले कार्य गर्ने गरी एकिकृत हातेमालो समाज बेलबारी (जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण) कार्यक्रम तोकिएर आए बमोजिम कार्य गरेको पालिकाको भनाई रहेको छ । यसरी केन्द्रले संस्था तोकेर बजेट स्वीकृत गरी कार्यविधि तथा मापदण्ड वेगर गरिने कार्य नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७३ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) मा चालु आ.व.को बजेटले नखामेमा भुक्तानी दिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न कर्मचारीहरुको गत वर्षको भुक्तानी दिन बाँकी तलब तथा छुट ग्रेड भनि रू.३,३७,९१९।०० भुक्तानी गरेको छ । नियममा भएको व्यवस्थाको पालना नगरी गरेको भुक्तानी नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,३७,९१९ |

७४ **पारिश्रमिक कर -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रू.२१,५८३।०० सम्परीक्षण गरिएको ।)*

७५ **शीर्षक फरक पारी खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा आय व्ययको लेखा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गरी सम्बन्धित शीर्षक भित्र पर्नेगरी खर्च लेख्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसार फरक खर्च शीर्षकमा खर्च गरेको देखिएकोले नियमसम्मत नदेखिएको रू.

| भौ.नं./मिति | विवरण | खर्च लेखेको शीर्षक | खर्च लेख्नु पर्ने शीर्षक | रकम |
|---|---|---|---|---|
| १०३९।२०८०।३।१० | कृष्टल माला बनाउने तालिम | लक्षित वर्गलाई सामान वितरण | सीप विकास तालिम | १३७९०० |
| १०४३।२०८०।३।१० | कुक तालिम | स्थानीय कच्चा पदार्थमा आधारित उद्यमशिलता | सीप विकास तालिम | १८२००० |
| ३९३।२०७९।१०।५ | विभिन्न मूल्याङ्कन समितिको बैठक भत्ता | पदाधिकारी बैठक भत्ता | कर्मचारी बैठक भत्ता | २७०००० |
| ४२९।२०७९।१०।१७ | विभिन्न मूल्याङ्कन समितिको बैठक भत्ता | पदाधिकारी बैठक भत्ता | कर्मचारी बैठक भत्ता | ७२००० |
| **जम्मा** | | | | **६६१९००** |

| | |
|---|---|
| अनियमित भएको | ६,६१,९०० |

७६ **एकै प्रकृतिको दोहोरो सुविधा -** स्थानीय तहले आफ्नो क्षेत्रमा अनुत्पादक, पुँजी वृद्धि नहुने, महत्वाकांक्षी एवं वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्दै उत्पादनमुलक योजनाहरुमा बजेट विनियोजन गर्नुपर्दछ । पालिकाको आफ्नो आन्तरिक श्रोत पर्याप्त भई वितरणमुखी योजनाहरुनै सर्वसम्मतीले छनौट गरी कार्यक्रम बनाउँदा नेपाल सरकार, पालिका र वडाबाट प्रदान गरिने सुविधामा दोहोरो नपर्ने गरी कार्यविधि बनाइ कार्यान्वयनमा ल्याउनु पर्दछ ।आर्थिक रुपमा विपन्न वर्गका लागि शिक्षा तथा स्वास्थ्य क्षेत्रका विभिन्न कार्यक्रम अन्तरगत एकै प्रकृतिको सुविधामा नेपाल सरकारले सुविधा दिदै आएकोमा पालिका र

वडाबाट समेत वडाअध्यक्षको तोकआदेशको आधारमा आर्थिक साहयाता वापत निम्नानुसारको रकम खर्च गरेको दोहोरो भएको देखिन्छ । सम्बद्ध निकायको यसतर्फ ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

| नेपाल सरकार | पालिकाको कार्यलय | वडाको कार्यालय |
|---|---|---|
| नेपाल सरकारद्धरा लक्षित वर्गलाइ सरकारी क्याम्पसमा छात्रवृति र आरक्षण सुविधा | बेलबारी बहुमूखी क्याम्पस सञ्चालन अनुदान रू. ५००००००।०० तथा छात्रवृत्ति रू. ८२८१८०।०० | विपन्न परिवार स्वास्थ विमा कार्यक्रममा विमा वापत प्रति व्यक्ति रु ३५०० प्रिमियम भुक्तानी गरी रु १००००० सम्मको औषधी उपचार रकम छुट |
| | | आर्थिक तथा सामाजिक रुपमा विपन्न वर्गलाइ आकस्मिक तथा विविध सहयोग वापत वडाअनुसार रकम छुट्याइएको |
| | | वडा न.१ –२२५००० |
| नेपाल सरकारले विपन्न नागरिक औषधि उपचार कोष मार्फत | स्वासथ्यतर्फ निम्नानुसारको विरामीलाइ प्रति व्यक्ति | वडा न.३ –३००००० |
| -मृगौला पिडित १००००० | -मृगौला पिडित ४०००० | |
| -मुटु रोगी १००००० | -मुटु रोगी ४०००० | वडा न.५ –२५०००० |
| -क्यान्सर रोगी १००००० | -क्यान्सर रोगी ४०००० | वडा न.६ –५००००० |
| -दुर्घटना चोटपटकजन्य १००००० | -दुर्घटना चोटपटकजन्य ४०००० | वडा न.७ –३००००० |
| | | वडा न.८ –३५०००० |
| | | वडा न.९ –२००००० |
| | | वडा न.१० –११७००० |
| | | वडा न.१ – १८२५०० |
| | | सैद्धान्तिक बेरुजु |

७७ **बिल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले ड्रिमल्याण्ड फन प्रा.लि.का विभिन्न मितिका खाना तथा होटल बासका बिल संलग्न गरी रू.१,६२,७३६।०० भुक्तानी गरेको छ । तर उक्त खर्च कुन कार्यक्रमका लागि भएको खर्च हो सोको पुष्ट्याई गर्ने आधाकारिक निर्णय, टिप्पणी सहितको प्रमाण संलग्न नभएकोले वास्तविक खर्च यकिन गर्न सकिएन । तसर्थ पुष्ट्याई गर्ने प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६२,७३६ |

७८ **कल्याण कोष -**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रू.५०,००,०००।०० सम्परीक्षण गरिएको ।)*

७९ **परामर्स तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्रसं | कार्य विवरण | परामर्शदाता | स्वीकृतबजेट | खर्च रकम | अध्ययनवाटनिर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | लोहन्द्राखोला आईई | ट्यालेन्ट इन्जीनयरिंगसर्भीसेस | ९७०९३३.७३ | ९०६२६० | ० |
| २ | चिसांगखोला आईई | डिगी निर्माणइन्जीनयरिंग | ८१८८८४.७४ | ६३४५०० | ० |
| ३ | बसपार्क तथा घाट निर्माण कार्यको डी.पी.आर | पी.बी.इन्जीनयरिंग एसोसीएट प्रा.ली. | १९८५४५३.२७ | १८४३५९५. | ४६४५२९७३३.३ |
| ४ | महेन्द्र आ.बी. बेलबारी ५, महेन्द्र आ.बी.बेलबारी ६, महेन्द्रमा.बी.बेलबारी १० डीपी.आर | कन्ट्रक्सन कनसर्न प्रा.ली. | ४९२२९४.७८ | ४६३३००. | ८०६६७३२८.५१ |
| ५ | Preparation of Landuse plan and Land Use Classification for Belbari Municipality of Morang | पिकासो कन्सल्टेण्ट प्रालि | १९०१४३६ | १९०१४३६ | ० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

८० **अधुरा आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार ६ वटा योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेका कारण

सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| क.स. | योजनाको नाम | निर्माणव्यवसायी | संझौतामिति | सम्पन्नमिति | योवर्ष सम्मको खर्च | भौतिकप्रगति % |
|---|---|---|---|---|---|---|
| १ | Construction of Belbari Shopping Complex and Local Product Centre | M/S Rabina/Abisa/Abhiyan J/V, Kathmandu | ११/२८/२०७७ | ५/२७/२०७९ | ५४६२९८०८.३२ | ४५।९१ |
| २ | Construction Work For Tourism Devlopment on Amana Secauli Simsar | Bikash/Y.S.S/Bhubaneshwori J/V Baneshor Kathmandu | २०७७/०२/३० | २०७९/०२/३० | २७९०४८९५.३७ | ६७।१५ |
| ३ | Construction of Raijhar khaeir khola RCC Bridge at Belbari Morang | Malika - HTC JV , Kathmandu | २/११/२०७७ | ८/११/२०७८ | २६७८५९८५.८ | ७६।३१ |
| ४ | Dhanpalgadhi Tourism Development work | kirateswor-Joshi -Mission JV kathmandu | २/१३/२०७८ | ८/१६/२०७९ | ५९१२८५३५.१४ | ७१।८२ |
| ५ | Construction of १५ bed hospital Belbari, Morang | Shrinkhala Nirman Sewa Pvt.Ltd Bidur -०४ Nuwakot | १/९/२०७८ | ७/९/२०७९ | ६६६०६३०९.५९ | ६२।८७ |
| ६ | Construction of Cold Storage building | M/s Agrim & PP Jv,Palanchowk-५, Kavre | २०७९।०५।२६ | २०७९।०५।२६ | ९९१४७७४.५८ | ४० |

सैद्धान्तिक बेरुजु

८१ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८२ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८३ **परामर्श खर्च -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२० को निर्णयबाट रू.४,६३,८७६।०० सम्परीक्षण गरिएको ।)*

८४ **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ को दफा ५(७ र ८) बमोजिम प्रथम किस्ता वापत प्राप्त रकम लाभग्राहीले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोस्रो तथा अन्तिम किस्ता वापत को रकम उपलब्ध गराउने व्यवस्था छ । सोही कार्यविधिको दफा ६ मा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गारईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराईएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीवाट अनुदान रकम असुल गर्ने उल्लेख छ । पालिकाले यस कार्यक्रम अन्तर्गत देहायबमोजिमको वडा मा प्रथम दोश्रो र अन्तिम किस्ता तथा एकमुष्ट कुल किस्ता समेत को रकम भुक्तानी दिएको देखियो । सो रकम कार्यविधि अुनसार जुन प्रयोजनका लागि प्रदान गरिएको हो सोही प्रयोजनमा खर्च भए नभएको एकिन गर्न सकिएन । पालिकाले यस सम्बन्धमा अनुगमन गरी अनुदानको सही सदुरुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ ।

| सि न | वडा नं | लाभग्राही संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं २ | ८ | १६०००० | दोश्रो किस्ता |
| २ | वडा नं ४ | ३५ | ११२४०९६ | दोश्रो तथा एकमुष्ठ किस्ता |

| | | | | |
|---|---|---|---|---|
| ३ | वडा नं ५ | १८ | ५५९३९५ | दोश्रो तथा एकमुष्ठ किस्ता |
| ४ | वडा नं ६ | ९ | १८०००० | दोश्रो किस्ता |
| ५ | वडा नं ७ | ९ | १८०००० | दोश्रो किस्ता |
| ६ | वडा नं ८ | २३ | ८८०००० | एकमुष्ठ तथा पहिलो |
| ७ | वडा नं ९ | ११ | ५५०००० | एकमुष्ठ अन्तिम किस्ता |
| ८ | वडा नं १० | १४ | ७००००० | एकमुष्ठ अन्तिम किस्ता |
| ९ | वडा नं ११ | ७ | २००००० | एकमुष्ठ र दोश्रो किस्ता |
| **जम्मा** | | | ४५३३४९१ | |

सैद्धान्तिक बेरुजु

८५ **इन्जिनियरिङ्ग सुविधा -** सार्वजनिक लेखा समितिको २०६९/१/८ को निर्णयले निर्माण कार्यको रेखदेख सुपरभिजन तथा अन्य कार्य गर्न बजेटमा व्यवस्था गरी स्रोत साधन व्यवस्थापन गर्ने, ठेक्काको विल अफ क्वान्टिटीमा इन्जिनियरिङ सुविधा राखेर निर्माण व्यवसायीलाई भुक्तानी गर्ने विषयमा नियन्त्रण गर्ने उल्लेख छ । कार्यालयले सार्वजनिक लेखा समितिको निर्णय प्रतिकुल हुने गरी ठेक्का नं. २- ०७७/७८ बेलबारी सपिङ्ग कम्प्लेक्स निर्माण कार्यको विल अफ क्वान्टिटीमा सवारी भाडा र इन्जिनियरकोलागि फ्ल्याट भाडा समावेशगरी निर्माण व्यवसायिलाई भुक्तानी दिएको देखियो । निर्माण कार्यसँग असम्बन्धित सावरी भाडा तथा फ्ल्याट भाडा निर्माण कार्यको विल अफ क्वान्टिटीमा समावेश गरी गरेको भुक्तानी नियमित नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,२६,००० |

८६ **सोझै खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपौंया सम्म लागत अनुमान भएको मालसामान निर्णय कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने तथा नियम ३१ मा बीस लाख रुपौंया भन्दा बढी लागत अनुमान भएको सोही बमोजिमको कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यो ऐन र अन्तर्गत बनेका नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । नमूना छनोटका आधारमा परीक्षण गरिएका देहाय बमोजिमका भौचरबाट पालिकाले वार्षिक खरिद योजना बेगर प्रतिस्पर्धात्मक विधि अवलम्बन नगरी मसलन्द तथा कार्यालय सामाग्री शीर्षकबाट पटक पटक सोझै खरिद गरेको छ । यसरी सिलबन्दी दरभाउपत्र तथा बोलपत्र नगरी पटक पटक टुक्रे खरिद गर्ने कार्य नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३८,७३,०७३ |

**(विस्तृत विवरण बेरुजु दफा ८६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८७ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८८ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.२८,१८,३४,६५२.४० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८९ **बेलबारी सपीङ्ग कम्प्लेक्स -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । कम्प्लेक्स निर्माणका लागि पालिकाले रू.२१,५८,६७,६२४।८९ को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा रविना अविशा अभियान जेभीसंग मिति २०७९ भाद्र २७ सम्ममा काम सम्पन्न गर्नेगरी रू.११,९९,८५,७१४।१० को ठेक्का सम्झौता आ.व २०७७।०७८ मा भएको थियो । यस निर्माण कार्यको लागि नगरविकास कोषको ऋण ७०% र पालिकाको ३०% हुने गरी बजेट व्यवस्था सम्झौता भएको छ । हाल सम्म छैटौं रनिङ्ग विल सम्ममा रू.५,४६,२९,८०८।३२ भुक्तानी गरेको देखिन्छ । सम्झौता अनुसार २०७९।५।१० मा कार्यसम्पन्न गर्नुपर्नेमा पालिकाले १ पटकको लागि १ वर्ष म्याद थप गरी २०८०।५।२८ मा सम्पन्न गर्नुपर्ने तोकिएको छ । तर लेखापरीक्षणको अवधि सम्म भुक्तानी र कार्यको भौतिक प्रगति हेर्दा अनुमानित आर्थिक प्रगति ४५% र भौतिक प्रगति ६५% देखिन्छ । साथै पालिकाले यस आर्थिक वर्षमा नगरविकासको

ऋणको ८% ब्याज तथा ऋण भुक्तानीमा रू.२७,६२,७५२।९० भुक्तानी गरेको देखिन्छ । यसरी समयमै कार्यसम्पन्न नगरी म्याद थप्दै जाने तथा पालिकालाई आर्थिक व्ययभारको दायित्व श्रृजना हुदै जाने देखिन्छ । यसरी म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, पालिकाले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा नियममा उल्लेख छ । पालिकाले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा भने अनुसारको प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ पालिकाले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९० **विद्यालय भौतिक पूर्वाधार निर्माण-**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रू.२२,५०,०००।०० सम्परीक्षण गरिएको ।)***

९१ **कालोपत्रे सडक निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । धोकर जानेबाटो विकास बस्नेतको घरहुदै दक्षिण विद्यालय सम्म नाला सहित कालो पत्रे बेलवारी ५ र कसेनी बजार चोक देखि दक्षिण जानेबाटो नाला सहित कालोपत्रे बेलवारी ५ निर्माणका लागि पालिकाले रू.९६,५५,६३७।८४ को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा धर्मराज कन्स्ट्रक्सन सुनसरीसंग मिति २०८० असार २० सम्ममा काम सम्पन्न गर्नेगरी रू.८९,८७,७५५।२१ को ठेक्का सम्झौता २०८० असार १ मा भएको छ । निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की वापत रू.१५,८०,०००।०० र प्रथम रनिङ्ग विलको रू.४९,२२,०००।०० सहित जम्मा रू.६५,०२,०००।०० भुक्तानी भएको देखिन्छ । असार महिनामा सडक कालोपत्रे कार्य सम्झौता गरी भुक्तानी दिएको उपयूक्त देखिएन । लेखापरीक्षणको अवधिसम्म उक्त कार्य सम्पन्न भएको छैन । पालिकाको भनाई अनुसार २०८०।६।१६ को कार्यपालिकाको निर्णय अनुसार २०८०।१०।३० सम्मलाई म्याद थप गरेको भन्ने बुझिएको छ । यसरी वर्षान्त तथा वर्षादको समयमा सडक कालोपत्रे गर्दा गुणस्तरमा ह्रास आउने हुँदा ठेक्का सम्झौता गरी कार्य गराउनु उचित देखिएन । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९२ **छुट अग्रिम कर -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल दाखिला गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१३ को निर्णयबाट रू.१०,९९७।०० सम्परीक्षण गरिएको ।)*

९३ **१५ शैया अस्पताल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । पालिकाको पन्ध्र शैया अस्पताल भवन निर्माण कार्यका लागि श्रृखला निर्माण सेवा नुवाकोटसंग २०७९।७।९ मा काम सम्पन्न गर्नेगरी आर्थिक वर्ष २०७७।०७८ मा रू.१०,५९,३२,१६६।८४ को सम्झौता भएकोमा हाल सातौं विल सम्म Price Adjustment रू.९७३,९३७।२५ समेत रू.५,५६,१५,२४२।०४ भुक्तानी दिएको छ । यस निर्माण व्यवसायीले तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकी हाल सम्म ३ पटक म्याद थप गरेको देखिन्छ । अन्तिम पटक म्याद थप २०८०।६।१६ को कार्यपालिकाको निर्णय अनुसार २०८०।१२।३० सम्मलाई थप गरेको छ । लेखापरीक्षणको अवधि सम्ममा यस कार्यको अनुमानित आर्थिक प्रगति ५२% र भौतिक प्रगति ७५% भएको देखिन्छ । यसरी म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, पालिकाले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा भने अनुसारको प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९४ **बैंक ग्यारेन्टी को म्याद कम -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रू.१५,५२,०५७।१६ सम्परीक्षण गरिएको ।)*

९५ **बेलबारी बहुमुखी क्याम्पस प्रशासकीय भवन -** यस क्याम्पसको प्रशासकीय भवननिर्माणका लागिपालिकाले रू.१,३०,५६,५८०।७४ को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा बराहक्षेत्र निर्माण सेवा सुनसरीसंग मिति २०८० असार १५ सम्ममा काम सम्पन्न गर्नेगरी रू.९५,४४,९८१।४५ को ठेक्का सम्झौता भएको छ ।यस सम्बन्धमादेखिएका व्यहोरा देहाय बमोजिम छन्

९५.१ **डण्डीको रकम बढी भुक्तानी -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल दाखिला गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रू.४८,७३०।०० सम्परीक्षण गरिएको ।)*

९५.२ **छुट अग्रिम कर -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल दाखिला गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रू.२०,१९९।०० सम्परीक्षण गरिएको ।)*

९६ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.४० देखि ३४.४१ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरुजु दफा ९६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९७ **बढी तलब भुक्तानी -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल दाखिला गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रू.२,४१,५३१।०० सम्परीक्षण गरिएको ।)*

९८ **औषधि खरिद -** पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं. उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहाय बमोजिमका शिर्षकबाट देहायका फर्मसँग रु.४१,८६,३३२।०० को औषधि तथा औषधिजन्य

सामाग्री खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । त्यसैगरी औषधि दाखिला गर्दा खरिद ईकाइका पदाधिकारी एवम् विज्ञ सहितको टोलीबाट स्पेशिफिकेशन बमोजिम भए नभएको मुचुल्का खडा गर्ने गरेको समेत देखिएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| भौ.नं | बजेट उपशिर्षक | आपुर्तकको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| २०५।२०८०।३।१८ | शसर्त चालु | अष्टाङ्ग फर्मास्युटिकल्स प्रा.वि | ४४६२९० | व्याच नं expiry date नखुलाएको ढिल्ला आपुर्ति |
| ८०।२०७९।१०।२६ | शसर्त चालु | ड्रग ईन्टरनेशनल फार्मेसी | १५००८९६ | |
| १६६।२०८०।२।३२ | शसर्त चालु | ड्रग ईन्टरनेशनल फार्मेसी | ७०४१०४ | व्याच नं expiry date नखुलाएको ढिल्ला आपुर्ति |
| ९७१।२०८०।२।३२ | पालिका चालु | ड्रग ईन्टरनेशनल फार्मेसी | १५३५०४२ | |
| **जम्मा** | | | ४१८६३३२ | |

सैद्धान्तिक बेरुजु

९९ **पालिकाको कर्मचारीलाई सशर्तबाट भुक्तानी -**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रू.६,२०,३०२।०० सम्परीक्षण गरिएको ।)***

१०० **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुग वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।पालिकाले देहायबमोजिमका स्वास्थ्य कर्मचारीहरुको तलब भुक्तानी गर्दा निजको नाममा तलबी प्रतिवेदन पारित नगरी तथा पारित गरिएको भन्दा बढी हुने गरी ग्रेड रकम भुक्तानी गरेको हुनाले सो को पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| पद | कर्मचारी | भुक्तानी हुनुपर्ने ग्रेड | भुक्तानी भएको ग्रेड | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| सि.अ.न.मी पाँचौ | शारदा दाहाल ग्रेड | १०४२२ | ११६४८ | १७५३१ | पर्व समेत १२ महिनाको ग्रेड भुक्तानी |
| | तलब बढी | ३४७३० | ४३६८९ | १७९१८ | श्रावण र भाद्र महिनाको बढी तलब भुक्तानी |
| सहायक पाँचौ | सुनिता कुमारी रसाइली | ९२६४ | १०४२२ | ७६४२ | श्रावणदेखि पुस सम्मको ग्रेड भुक्तानी |

| | | | | | |
|---|---|---|---|---|---|
| | लोक विक्रम श्रेष्ठ | ८१०६ | ९२६४ | २५४७ | श्रावण र भाद्र महिनामा बढी ग्रेड भुक्तानी |
| पाँचौ सहायक | रमा गौतम | ६३६९ | ११३३६८ | १०६९९९ | श्रावण देखि पुस सम्म ६ ग्रेड रु ११५८ को दरले, माघमा रु ९२६४ तथा फागुनमा रु १०४२२ को दरले ग्रेड भुक्तानी |
| छैठो अधिकृत | प्रतिशा राई | १४५६ | ४३६८ | २२४२२ | २ ग्रेड बढीले पौष देखि अषाढसम्म बढी भुक्तानी |
| **जम्मा** | | | | **१७५०५९** | |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२३ को निर्णयबाट रू.६८,०६०।०० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०६,९९९ |

१०१ **करुणा फाउन्डेसन -** अपाङ्गता रोकथाम तथा पुनस्थार्पना कार्यक्रम सञ्चालनको लागि बेलबारी नगरपालिका, करुणा फाउन्डेसन नेपाल तथा प्रदेश सरकारबीच बराबर साझेदारी रहने गरी कार्यक्रमको तर्जुमा भएको छ । आ. व २०७९।०८० मा प्रत्येकको रु १७ लाख सहभागिता हुने गरी कुल रु ५१ लाख बराबरको बजेट बिनियोजन भएको छ । यसरी बराबर साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गरी सुरु भएको कार्यक्रममा सबैले बराबरी हिसाबले खर्चको भार बोकेको देखिएन । यस आ.वमा भएको खर्चको विश्लेषण गर्दा पालिकाले रु १९ लाख ६५ हजार, फाउन्डेसनले रु ९ लाख ९५ हजार तथा प्रदेश सरकारले रु १२ लाख २७ हजार खर्च व्यहोरेको छ । यसरी खर्चको विश्लेषण गर्दा सबभन्दा कम फाउन्डेसनले तथा प्रदेश सरकारले व्यहोरेको देखिन्छ भन्ने सबभन्दा बढी पालिकाले व्यहोरेको देखिन्छ । तसर्थ साझेदारीको लागि प्रतिवद्धता प्राप्त भइसकेको अवस्थामा साझेदार निकायबाट तोकिएको बजेट समयमा नै प्राप्त गरी स्वीकृत वार्षिक नीति तथा कार्यक्रम र योजना अनुरुप कार्यक्रम सञ्चालन तर्फ पालिकाले जोड दिनुपर्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०२ **सुरक्षित गर्भपतन -** मातृ सुरक्षा नवजात शिशु स्याहार सम्बन्धी निर्देशिका, २०७८ मा सुरक्षित गर्भपतन सम्बन्धी व्यवस्था छ ।सुरक्षित गर्भपतन सेवाप्रदान गर्ने स्वास्थ्य संस्थालाई प्रति गर्भपतन वापत रु ८०० को दरले भुक्तानी दिने समेत व्यवस्था छ । स्वास्थ्य शाखाबाट प्राप्त स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको तथ्यांकबाट जम्मा १५९ जनाले सुरक्षित गर्भपतन गराएको देखिन्छ । तर पालिकाले रु ८०० को दरले १७५ जनाको लागि रकम पठाएको हुनाले पालिकाले सो सम्बन्धमा अनुगमन गरी प्रणालीमा तथ्यांक व्यवस्थापन गर्न छुट भएको भए सो तथ्यांकको व्यवस्थापन गर्न लगाउने तथा वास्तविक तथ्यांकभन्दा बढी हुने गरी भुक्तानि भएको भए सम्बन्धितबाट असुल गरी कारोबारमा विश्वनियता कायम गर्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

१०३ **नदी/खोलाजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम पालिकाले यस वर्ष खोलाजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्ने कार्यका लागि देहाय बमोजिमका २ वटा ठेक्का आह्वान गरेकोमा दुबै ठेक्कामा बेल्ली रियल स्टेट प्रा.लि.ले बढी कबोल गरी रू.५,५१,२२,१४४।६० (मू.अ.कर र अग्रिम कर समेत) को सम्झौता भएको छ ।

| ठेक्का नं. | परिमाण(घन फिट) | न्यूनतम ठेक्का अंक (मू.अ.कर बाहेक) | कबोल अंक (मू.अ.कर बाहेक) | मू.अ.कर र अग्रिम कर समेत सम्झौता रकम |
|---|---|---|---|---|
| BM/MOR/G/NCB-१-०७९/०८० लोहन्द्र खोलाबाट खोलाजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री | २६४९००० | १५८९४००० | १९३८०५३१ | २२१९०७०८ |
| BM/MOR/G/NCB-२-०७९/०८० चिस्याङ्ग खोलाबाट खोलाजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री | २०७६७४५.३६ | १२४६०४७२.१६ | २८७६१०८० | ३२९३१४३६।६० |
| | | | **जम्मा** | **५५१२२१४४।६०** |

उपरोक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:

१०३.१ दुबै ठेक्काको सम्झौताको बुँदा नं. ३१ मा तोकिएको म्याद भित्र दोस्रो पक्षले पहिलो पक्षलाई बुझाउनुपर्ने किस्ता रकम नबुझाएमा पहिलो पक्षले जुनसुकै बखत तोड्न सक्ने तथा प्रथम पक्षलाई बुझाउन बाँकी रकम र सोको १० प्रतिशतका दरले ब्याज समेत जोडी पहिलो पक्षले दोस्रो पक्षबाट असुल गर्ने व्यवस्था गरेको छ । ठेक्का कबोल गर्ने बेल्ली रियल स्टेट प्रा.लि.ले देहाय बमोजिम सम्झौतामा तोकिएको अवधीमा रकम नबुझाएको कारण बैंक जमानत समेतबाट असुल गरेको देखिन्छ । तोकिएको किस्ता अनुसार रकम दाखिला नगरेको अवस्थामा पालिकाले समयमै बैंक जमानतबाट असुल गर्नुपर्नेमा ढिला गरी बैंक जमानत जफत गरी असुल गरेको छ । सम्झौताको पूर्णरुपमा कार्यान्वयन नगरेका कारण पालिकालाई प्राप्त हुन पर्ने देहाय बमोजिमको व्याज प्राप्त नभएकोले उक्त कारोबार नियमसम्मत नदेखिएको रू.

| ठेक्का नं | किस्ता | प्राप्तहुनुपर्ने रकम | प्राप्तहुनुपर्ने मिति | प्राप्तरकम | प्राप्तमिती | ढिलादिन | १०% ब्याज रकम |
|---|---|---|---|---|---|---|---|
| BM/MOR/G/NCB।००१-०७९-०८० लोहन्द्रा खोलाबाट खोलाजन्य | दोश्रो | ८७६०००० | २०७९।११।३० | १५००००० | २०८०।१।१२ | ४२ | १७२६० |
| | | | | ५००००० | २०८०।१।१७ | ४७ | ६४३८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पदार्थ उत्खनन् संकलन र विक्रि कार्य | | | | १६००००० | २०८०।१।१९ | ४९ | २१४७९ |
| | | | | ४०००० | २०८०।३।१३ | १०३ | ११२९ |
| | | | | ५१२०००० | २०८०।३।१७ | १०७ | १५००९३ |
| | तेश्रो | ४३८०००० | २०७९।१२।३० | ४३८०००० | २०८०।३।१७ | ७७ | ९२४०० |
| BM/MOR/G/NCB।००२-०७९-०८० चिस्याङ्ग खोलाबाट खोला जन्य पदार्थउत्खनन् संकलन र विक्रि कार्य | दोश्रो | १३०००००० | २०७९।११।३० | १३०००००० | २०८०।३।१७ | १०७ | ३८१०९६ |
| | तेश्रो | ६५००००० | १०७९।१२।३० | ६५००००० | २०८०।३।१७ | ७७ | १३७१२३ |
| **जम्मा** | | | | | | | ८०७०१८ |

| | |
|---|---|
| अनियमित भएको | ८,०७,०१८ |

१०३.२ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ को दफा ९ अनुसार साधारण निर्माणमुखि नदिजन्य पदार्थको उत्खन्न सकलन गरि घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा तोकिएको शर्तहरुको पालना भए नभएको अनुगमन गरि जिल्ला समन्वय समितिले निर्देशन दिने तथा अनुगमन गरि आबश्यक कारबाही गर्नुपर्ने व्यवस्था रहेता पनि समन्वय समिति र पालिकाबाट सोहि मापदण्डको अनुसूचि ५ अनुसारको चेक लिस्ट प्रयोग गरि अनुगमन भएको लिखत अभिलेख देखिएन यसको अभावमा उक्त ठेक्कावाट तोकिएको परिणाममा उत्खनन र राजस्व असुली तथा वातावरणिय पक्षमा असर परे नपरेको तथा दिएका सुझावको कारवाहि भएकोमा नियमानुसार भए नभएको एकिन हुन सक्ने अवस्था नरहेकोले यसमा तोकिएका जिम्वेवार पदाधिकारीलाई उत्तरदायी बनाउनु पर्ने देखियो ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०३.३ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ अनुसार पालिकाले व्यवसायीसँग गरेको प्रत्येक सम्झौतामा कुनै किसिमको कर सेवा शुल्क र दस्तुर थप गरी लिन नपाउने र नियमानुसारको शुल्क दस्तुर कर असुल गर्दा पालिकाबाट प्रमाणित भर्पाई रसिदको आधारमा मात्र गर्ने

उल्लेख भएकोमा प्रमाणित रसिद उपलव्ध गराएता पनि सोको भिडान र अनुगमन भएको नदेखिएकोले यसको सदुपयोगमा यकिन हुन सकिएन ।

सैद्धान्तिक बेरुजु

१०३.४ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ९ अनुसार उत्खनन संकलन वा ढुवानी कर्ताले संकलन वा ढुवानी गरेको परिणामको दैनिक पटके उत्पादन बिक्री वा ढुवानी गरेको परिणामको अभिलेख अनुसुचि ४ (क) बमोजिम र दैनिक गरेको बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसुची ४ (ख) बमोजिम राख्नु पर्ने व्यवस्था रहेता पनि पालिकाले यस्ता विवरण लिई अध्यावधिक नराखेकोले यथार्थ उत्खनन तथा बिक्रीको परिणाम भिडान गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

१०४ **मूल्य अभिवृद्धि कर कट्टी -** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार ठेक्का वा करार सम्झौता अनुसारको रकम भुक्तानी गर्दा मू.अ.कर रकमको ३० प्रतिशत रकम सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धितफर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रू.२,१३,३०४।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मु.अ. कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| ५००।२०७९।११।१५ | वातावरण संरक्षण तथा समाजजिक रुपान्तणर समाज | ६०१३२१२०५ | २९५२१२ | ३३९६२ | १०१८९ |
| ५३२।२०७९।११।१९ | वातावरण संरक्षण तथा समाजजिक रुपान्तणर समाज | ६०१३२१२०५ | १४६५०० | १६८५४ | ५०५६ |
| ५७०।२०७९।११।२५ | ओमसाई टेक्निकल इन्स्च्युट प्रा.लि. | ६०६६५५२१३ | २०८००० | २३००९ | ६९०३ |
| ५८०।२०७९।११।२८ | पाथीभरा सिप विकास तालिम केन्द्र | १०१३६७४६४ | २९८००० | ३४२८३ | १०२८५ |
| ६४१।२०७९।१२।८ | साझा गन्तव्य | ६०९६५३६६३ | १९६६२० | २२६२० | ६७८६ |
| ६४२।२०७९।१२।१२ | पूर्वाञ्चल सिप विकास प्रशिक्षण केन्द्र | ३०५५९८१३२ | १९८१५० | २२६९६ | ६८०९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७०१।२०७९।१२।२० | ए.वि.सी. ननओभन झोला उद्योग एण्ड सिप विकास प्रशिक्षण केन्द्र | ६०४९३१२६३ | ४९६०७० | ५७०७० | १७१२१ |
| ७५३।२०८०।१।१७ | सफल एकेडेमी | १२१००३०७२ | २४४०३५ | २८०१५ | ८४०५ |
| ७८८।२०८०।१।१४ | आरम्भ पोलिटेक्निक इन्स्च्युट एण्ड रिसर्च सेन्टर | ६०९७९५९०५ | २९४९३० | ३३९३० | १०१७९ |
| ८०९।२०८०।१।२५ | यगान्त ट्रेड एण्ड सप्लायर्स | ११२३७६२३५ | ५६७२४३ | ६५२५८ | १९५७७ |
| ८१६।२०८०।१।२६ | साइवर स्पेस कम्प्युटर इन्स्च्यूट | ३०३५५०६६४ | ४९६००० | ५७०६२ | १७११९ |
| ८३१।२०८०।१।३१ | मोरङ टेक्निकल इन्स्च्यूट | ३०४३९८४८७ | २३५४६४ | २७०८८ | ८१२६ |
| ८३२।२०८०।१।३१ | नेपाल ग्रीन लिङ्क फाउण्डेशन प्रालि | ६०२४४५०९० | ४६०४७५ | ५५९७५ | १६७९३ |
| ८३९।२०८०।२।१ | एक्सपर्ट टेक्निकल कलेजप्रालि | ६०१८७८३४१ | ४९७४८२ | ५७०३२ | १७११० |
| १०३९।२०८०।३।१० | नेपाल ग्रीन लिङ्क फाउण्डेशन प्रालि | ६०२४४५०९० | १९७००० | २२६६४ | ६७९९ |
| १०४३।२०८०।३।१० | ओमसाई टेक्निकल इन्स्च्युट प्रा.लि. | ६०६६५५२१३ | २६०००० | २९९१२ | ८९७४ |
| १०५९।२०८०।३।१२ | सफल एकेडेमी | १२१००३०७२ | १४८५९५ | १७०९५ | ५१२९ |
| १०६०।२०८०।३।१२ | ड्रिमल्याड फन प्रालि | ६०६९०५५६१ | ४३४०८९ | ४९९३९ | १४९८२ |
| ११९५।२०८०।३।२३ | ड्रिम सिनेवर्क मिडिया | ६१००४७४२२ | ४९१५५० | ५६५५० | १६९६५ |
| **जम्मा** | | | **६१६५४१५** | **७११०१४** | **२१३३०७** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१३,३०७ |

१०५ **राजस्व दाखिलामा ढिलाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८(१) अनुसार प्रचलित कानून वमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहिदिन र नभए सोको भोलिपल्ट तथा कार्यालय र बैंक विचको दुरी टाढा भएमा महालेखा नियन्त्रक कार्यालयलेतोकेको म्याद भित्र लेखा तयार गरी बैंक दाखिला गर्ने तथा जिन्सीको हकमा ७ दिन भित्र दाखिला गर्नु पर्दछ । यसो नगरेको देखिएमा दफा २८(२) अनुसार सम्वन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुखले १० दिनसम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा वढी ढिलागरेको भए सो जरिवाना र विगो दाखिला गराई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था भएता पनि यस व्यवस्थाको कार्यान्वयन भएको देखिएन। पालिकाले यसमा सुधार गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०६ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा गरेको कुल खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| कुल खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १२८२७१६३१७.०१ | ५५७२१०१३.४७ | ४.३४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त आयबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.३४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१०७ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरुजु दफा १०७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१०८ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

१०९ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.५५,५५,९८३।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११० **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.५,३१,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू.५,५७,२१,०१३।४७ अर्थात अनुमान भन्दा ४.९३ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

संपरीक्षणबाट थप भएको बेरूजू

| **क्र.सं.** | **बेरुजुको विवरण** | **रकम** |
|---|---|---|
| १ | आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्य नियमाबली २०७७ को नियम ३९ (१० ) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । पालिकाले नगर आवधिक योजना निर्माण (भुउपयोग नक्सा अध्ययन प्रतिवेदन) कार्य गर्नको लागि तिन वटा कोटेशन मार्फत इन्टेन्सीभ स्टडी एण्ड रिसर्च सेन्टर प्रालि लाई छनौट गरी रू.१४,५६,२५३।६० मा सम्झौता गरेकोमा हालसम्म पहिलो किस्ता वापत रू.४६३,८७६।०० भुक्तानी दिएको छ । पालिका र रिसर्च सेन्टर विच भएको कार्यक्षेत्रगत शर्त (TOR) ,सम्झौता पत्रमा २०८०।२।२४ कार्यआदेश दिई | ०।०० |

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>२०८०।५।२४ मा कार्य सम्पन्न गरी सम्झौता अनुसार फरफार गर्नुपर्नेमा नगर कार्यपालिकाको मिति २०८०।९।२६ को बैठकको निर्णयानूसार मिति २०८१।३।३१ सम्मका लागि संझौताको म्याद थप गरेको प्रमाण पेश भएको छ । थप गरिएको समयावधि भित्रमा तोकिएको कार्य सम्पन्न गरेको प्रमाण पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२</td><td>आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्य पाचौं तहका कर्मचारी सुनिता कुमारी रसाइलीको नाममा पारित तलबी प्रतिवेदन बमोजिम ८ ग्रेड प्रति ग्रेड रु ११५८ को दरले रकम भुक्तानी गर्नुपर्नेमा श्रावण देखि पुस सम्म निजलाई ९ ग्रेड दरले ६ महिनामा रु ७६४२( क.स.कोष समेत) बढी भुक्तानी मध्ये रु.५,०९५।२ प्रतिकृयाबाट असुल उपर भई बाँकी थप रु.२,५४६।०० असुल गर्नुपर्ने रु
<table>
<tr><th>नाम पद</th><th>पारित ग्रेड</th><th>भएको भुक्तानी</th><th>दर</th><th>बढी भुक्तानी</th><th>असुल भएको</th><th>असुल गर्नुपर्ने</th><th>कैफित</th></tr>
<tr><td>पाचौतह सुनिता कुमारी रसाइली</td><td>८</td><td>९</td><td>११५८</td><td>७६४२</td><td>५०९५</td><td>२५४६</td><td>सार्वजनि व्यवस्थापन सुचना प्रणालीबाट मिति २०८०।११।३० तथा १२।२१ गते सिर्जित भौ नं ६१०३१०६९ तथा भौ नं ६१९७३२३२ बाट असुल भएको</td></tr>
</table>
</td><td>२५४६।००</td></tr>
</table>

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष-** २०७९/८०

**कार्यालय र स्थान -** बेलवारी नगरपालिका, मोरङ , बेलबारी नगरपालिका , मोरङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | किरण प्रसाद ढकाल | २०८०-१०-७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | गणेश राज कार्की | २०७८-८-२३ | २०८०-४-२९ |
| लेखा प्रमुख | धनमाया राई | २०७७-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण -**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३८५,४३९ | ३९,१०५,३०४ | १६,६५३,०८३.१६ | ० | ० | ४८१,००७.४८ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रू.** | | | | | ५६,६२४,८३३.६४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रू.** | | | | | २०,७२५,७९५.६४ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रू.** | | | | | २,५४६ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रू.** | | | | | ३५,९०१,५८४ |

**स्थानीय तह -**

| | |
|---|---|
| गत बर्षको जिम्मेवारी | १३५४०४७७९.३ |

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| संघीय सरकारबाट अनुदान | ५८०५२९८६० | चालु खर्च | ५७७२४१३७६.८४ |
| प्रदेश सरकारबाट अनुदान | २१८१८८७५ | पूँजीगत खर्च | २८१८३४६५२.४ |
| राजश्व बाँडफाँट | १००२५७९०५.४ | वित्तीय/अन्य व्यवस्था | ४२३६४०२८७.७७ |
| आन्तरिक आय | ५५७२१०१३.४७ | | |
| अन्य आय | ५०५०००३३०.४४ | | |
| कुल आय | १२६३३२७९८४.३१ | कुल खर्च | १२८२७१६३१७.०१ |
| बाँकी मौज्दात | | ११६०१६४४६.६ | |

### बेरुजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची -३

| विवरण | टिप्पणी | यस वर्ष रू. | | | | गतवर्ष रू. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | १११३०८२३२५.७२ | ८६२१५५१२७.३२ | | ८६२१५५१२७.३२ | ८९१३५३७६६.९९ | | ८९१३५३७६६.९९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | १०८४१६४१६९.८४ | ८३९६७५४७१.९९ | ० | ८३९६७५४७१.९९ | ८६३२११३१०.४५ | ० | ८६३२११३१०.४५ |
| ११००० कर | ११ | २४३९८३०००. | १६३७८६७३०.१७ | ० | १६३७८६७३०.१७ | १९२०८४५७१.७३ | ० | १९२०८४५७१.७३ |
| १३००० अनुदान | | ६६०१२१५४०. | ६१०९५९०६७.९ | ० | ६१०९५९०६७.९ | ५७७८४९८५२.६३ | ० | ५७७८४९८५२.६३ |
| संघीय सरकार | १२ | ५९५३२२३६०. | ५५९३७३२४२.५ | ० | ५५९३७३२४२.५ | ५२५७८५४५०.७६ | ० | ५२५७८५४५०.७६ |
| प्रदेश सरकार | १२ | २६१०२०००. | २१३११३००. | ० | २१३११३००. | २५६३२८५०. | ० | २५६३२८५०. |
| अन्तरिक श्रोत | | २८६९७१८०. | १८७९१०३२. | ० | १८७९१०३२. | १६०८५२२८. | ० | १६०८५२२८. |
| जनसहभागिता | | १००००००००. | ११४८३४९३.४ | ० | ११४८३४९३.४ | १०३४६३२३.८७ | ० | १०३४६३२३.८७ |
| १४००० अन्य राजस्व | | ४१९५००००. | ५८९५९२९९.९२ | ० | ५८९५९२९९.९२ | ६२५०७७३०.०९ | ० | ६२५०७७३०.०९ |
| ३२००० वित्तीय सम्पत्ति | | ९३१०९६२९.८४ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २८९१८१५५.८८ | २२४७९६५५.३३ | | २२४७९६५५.३३ | २८१४२४५६.५४ | | २८१४२४५६.५४ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | २८९१८१५५.८८ | ० | ० | ० | ५८३३७७०.१३ | ० | ५८३३७७०.१३ |
| धरौटी | | ० | २२४७९६५५.३३ | ० | २२४७९६५५.३३ | २२३०८६८६.४१ | ० | २२३०८६८६.४१ |

| विवरण | टिप्पणी | यस वर्ष रू. | | | | गतवर्ष रू. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १११३०८२३२५.७२ | ८९३७६०४०९.१८ | | ८९३७६०४०९.१८ | ९६९३८५७६९.७६ | | ९६९३८५७६९.७६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १०८४१६४१६९.८४ | ८६१८३८७८२.११ | | ८६१८३८७८२.११ | ९४२६२०४०७.७६ | | ९४२६२०४०७.७६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३३८४६३०००. | ३३५४३१३२८.७४ | ० | ३३५४३१३२८.७४ | २९२८९१९२७.६९ | ० | २९२८९१९२७.६९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २८१०३३३५९.८४ | २२७९३६८५६.१५ | ० | २२७९३६८५६.१५ | २१३४९८५२७.०७ | ० | २१३४९८५२७.०७ |
| २४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन | १८ | ५८५००००. | ४९३१७२६.८५ | ० | ४९३१७२६.८५ | २८१३१२३.५२ | ० | २८१३१२३.५२ |
| २५००० सहायता (Subsidy) | १८ | ५०००००० | ५००००००. | ० | ५००००००. | -१४,७००।०० | ० | -१४,७००।०० |
| २६००० अनुदान | १८ | ० | -२,५००।०० | ० | -२,५००।०० | -७८,०००।०० | ० | -७८,०००।०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ४६६५०००. | २९०८३७८. | ० | २९०८३७८. | ४०६९९७४. | ० | ४०६९९७४. |
| २८००० अन्य खर्च | १८ | ५६६००००. | ३७९८३४०. | ० | ३७९८३४०. | ३६७४१७२. | ० | ३६७४१७२. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ४४३४९२८१०. | २८१८३४६५२.३७ | ० | २८१८३४६५२.३७ | ४२५७६५३८३.४८ | ० | ४२५७६५३८३.४८ |
| घ. अन्य भूक्तानी | | २८९१८१५५.८८ | ३१९२१६२७.०७ | | ३१९२१६२७.०७ | ९६९३८५७६९.७६ | | ९६९३८५७६९.७६ |

| विवरण | टिप्पणी | यस वर्ष रू. | | | | गतवर्ष रू. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| कोषहरु | | २८९१८१५५.८८ | १६६५४७५६. | ० | १६६५४७५६. | १८९०५१७३. | ० | १८९०५१७३. |
| धरौटी | | ० | १५२७८६५६.४ | ० | १५२७८६५६.४ | ७८६०१८९. | ० | ७८६०१८९. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -११,७८५.३३ | | -११,७८५.३३ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | -३१६०५२८१.८६ | | -३१६०५२८१.८६ | -७८०३२००२.७७ | | -७८०३२००२.७७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १४७६३३५१३.७९ | | १४७६३३५१३.७९ | २१३४३६७८२.०६ | | २१३४३६७८२.०६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ११६०२८२३१.९३ | | ११६०२८२३१.९३ | १३५४०४७७९.२९ | | १३५४०४७७९.२९ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ११६०१६४४६.६ | | ११६०१६४४६.६ | १३५४०४७७९.२९ | | १३५४०४७७९.२९ |

**बेरुजु दफा ६५ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| क स | विद्यालयको नाम | बाल विकास दरबन्दी | स्थायी कार्यरत दरबन्दी | करार | राहात | pcf | अस्थायी लियन/ प्रा.धार | रिक्त दरबन्दी | जम्मा दरबन्दी | विद्यालय कर्मचारी | विद्यार्थी सं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | देवकोटा आ.वि.बेलवारी ७ | १ | ७ | ० | १ | ० | ० | ० | ९ | १ | २१२ |
| २ | जनता मा.वि.बेलवारी ८ | ६ | ११ | १ | ४ | ० | ० | ० | २२ | २ | ६५१ |
| ३ | जनता मा.वि.बेलवारी ९ | २ | १४ | २ | १ | ० | ८ | ० | २७ | २ | १२३३ |
| ४ | किसान आ.वि.बेलवारी ७ | २ | २ | १ | ० | ० | ० | ० | ५ | १ | ७३ |
| ५ | महेन्द्र आ.वि.बेलवारी ६ | १ | ८ | ० | १ | ० | ० | ० | १० | १ | १८० |
| ६ | रामजानकी आ.वि.बेलवारी ७ | ४ | २ | ० | ७ | ० | ० | ० | १३ | १ | ३९५ |
| ७ | सुकुना आ.वि.बेलवारी ८ | २ | ३ | ० | १ | ० | ० | ० | ६ | १ | ७३ |
| ८ | भगवती मा.वि.बेलवारी ३ | १ | १६ | ३ | १ | ० | ० | ० | २१ | २ | १०४७ |
| ९ | जनएकता आ.वि.बेलवारी १ | १ | ३ | ० | ० | ० | ० | ० | ४ | १ | ७६ |
| १० | जनता मा.वि.बेलवारी १ | १ | ८ | ० | ४ | ० | ० | ० | १३ | २ | ४२६ |
| ११ | कबिर मा.वि.बेलवारी २ | १ | १४ | ० | ६ | ० | ० | ० | २१ | २ | ६३० |
| १२ | कसेनी मा.वि.बेलवारी ४ | १ | १५ | २ | ० | ० | ० | ० | १८ | २ | ५२९ |
| १३ | पञ्चज्योती आ.वि.बेलवारी ४ | १ | ४ | ० | ३ | ० | ० | ० | ८ | १ | ९३ |

| क्र स | विद्यालयको नाम | बाल विकास दरबन्दी | स्थायी कार्यरत दरबन्दी | करार | राहात | pcf | अस्थायी लियन/ प्रा.धार | रिक्त दरबन्दी | जम्मा दरबन्दी | विद्यालय कर्मचारी | विद्यार्थी सं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | पञ्चायत आ.वि.बेलवारी ४ | १ | ४ | ० | ३ | ० | ० | ० | ८ | १ | १६८ |
| १५ | श्री आ.वि.बेलवारी ३ | १ | १ | ० | २ | ० | ० | ० | ४ | १ | १०२ |
| १६ | सिंहदेवी आ.वि.बेलवारी २ | १ | ३ | ० | ० | ० | ० | ० | ४ | १ | १०८ |
| १७ | शहिदस्मृति आ.वि.बेलवारी १ | १ | २ | ० | १ | ० | ० | ० | ४ | १ | ७८ |
| १८ | सिरिजगा आ.वि.बेलवारी ४ | २ | १ | ० | १ | ० | ० | ० | ४ | १ | ७६ |
| १९ | दिपज्योती आ.वि.बेलवारी ९ | ३ | ५ | ० |  | ० | ० | ० | ९ | १ | २०६ |
| २० | धिरनाथ सम्फुल वि.मा.वि.बेलवारी १० | ३ | १६ | २ | ३ | ० | ० | ० | २४ | २ | ७६४ |
| २१ | ज्ञानोपार्जन आ.वि.बेलवारी ९ | १ | ३ | ० | ० | ० | ० | ० | ४ | १ | ७८ |
| २२ | काली मा.वि.बेलवारी ९ | २ | १५ | २ | ४ | ० | ० | ० | २३ | २ | ५८७ |
| २३ | लक्ष्मी मा.वि.बेलवारी ११ | ५ | १९ | २ | ३ | ० | ० | ० | २९ | २ | १०९३ |
| २४ | महेन्द्र मा.वि.बेलवारी १० | ४ | ११ | ० | ४ | ० | ० | ० | १९ | २ | ४६४ |
| २५ | रणपाल आ.वि.बेलवारी ८ | ४ | २ | ० | २ | ० | ० | ० | ८ | १ | १३७ |

| क्र स | विद्यालयको नाम | बाल विकास दरबन्दी | स्थायी कार्यरत दरबन्दी | करार | राहात | pcf | अस्थायी लियन/ प्रा.धार | रिक्त दरबन्दी | जम्मा दरबन्दी | विद्यालय कर्मचारी | विद्यार्थी सं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २६ | एकता आ.वि.बेलवारी १० | ४ | २ | ० | १ | ० | ० | ० | ७ | १ | ७५ |
| २७ | विरेन्द्र मा.वि.बेलवारी ६ | २ | ११ | ० | २ | ० | ० | ० | १५ | २ | ३०२ |
| २८ | धनपाल मा.वि.बेलवारी ५ | १ | १३ | २ | २ | ० | ० | ० | १८ | २ | ५९७ |
| २९ | जननिर्माण आ.वि.बेलवारी ५ | १ | ३ | ० | ० | ० | ० | ० | ४ | १ | ५९ |
| ३० | जनता आ.वि.बेलवारी ५ | २ | २ | ० | १ | ० | ० | ० | ५ | १ | ९५ |
| ३१ | महेन्द्र आ.वि.बेलवारी ५ | ३ | ६ | ० | १ | ० | ० | ० | १० | १ | १०६ |
|  | जम्मा | ६५ | २२६ | १७ | ५९ | ० | ८ | ० | ३७६ | ४३ | १०७१३ |

**बेरुजु दफा ८६ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| भौचर र मिति | बजेट प्रकार | सप्लायर्स | रकम |
|---|---|---|---|
| ८४।२०७९/०५/३१ | बेलवारी नगर कार्यपालिका चालु | न्यु आडोलिक कम्प्युटर | २८८५९० |
| १७२। २०७९/०७/०२ | बेलवारी नगर कार्यपालिका चालु | न्यु आडोलिक कम्प्युटर | ९६,०५० |
| ४५।२०७९/०७/०६ | बेलवारी नगर कार्यपालिका चालु | न्यु आडोलिक कम्प्युटर | ३७६७३४ |
| ३२९।२०७९/०९/१८ | बेलवारी नगर कार्यपालिका चालु | न्यु आडोलिक कम्प्युटर | २४२४१३ |
| ३५८।२०७९/०९/२६ | बेलवारी नगर कार्यपालिका चालु | न्यु आडोलिक कम्प्युटर | १९२१०० |

| | | | |
|---|---|---|---|
| ४९५।२०७९/११/१४ | बेलवारी नगर कार्यपालिका चालु | न्यु आडोलिक कम्प्युटर | ३६६१४२ |
| ७१८।२०७९/१२/२४ | बेलवारी नगर कार्यपालिका चालु | न्यु आडोलिक कम्प्युटर | २८३३९४ |
| ८५४।२०८०/०२/०४ | बेलवारी नगर कार्यपालिका चालु | न्यु आडोलिक कम्प्युटर | १४८५७१ |
| १२०२।२०८०/०३/२३ | बेलवारी नगर कार्यपालिका चालु | न्यु आडोलिक कम्प्युटर | १९२१०० |
| ४१७।२०८०/०३/२४ | बेलवारी नगर कार्यपालिका चालु | न्यु आडोलिक कम्प्युटर | २९७७२७ |
| १२४३।२०८०/०३/२४ | बेलवारी नगर कार्यपालिका चालु | न्यु आडोलिक कम्प्युटर | १९९५०० |
| ५९। २०७९/०९/१२ | बेलवारी नगर कार्यपालिका पूंजीगत | प्रगति आइटी सोलुसन | ८९६४८८ |
| २९९। २०८०/०२/१० | बेलवारी नगर कार्यपालिका पूंजीगत | प्रगति आइटी सोलुसन | २०८२८९ |
| ८८२। २०८०/०२/१० | बेलवारी नगर कार्यपालिका चालु | प्रगति आइटी सोलुसन | ८४९७५ |
| **जम्मा** | | | **३८७३०७३** |

**बेरुजु दफा ९६ सँग सम्बन्धित विवरण - अनुसूची -७**

| क्र.सं | ठेक्कानं | कामकोविवरण | निर्माणव्यवसायको नाम र ठेगना | लागतअनुमान रकम | सम्झौतारकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | BM/MOR/W/NCB/०१-२०७९-८० | Sajha Marga Black Top Road Construction | Sayapatri Nirman Sewa Kerabari | ६४१५५२९.८८ | ५९६५०१६.२२ | ७.०२ |
| २ | BM/MOR/W/NCB/०२-२०७९-८० | Dhaiti Pul bata Shanti tol jane Bato Black Top Road Construction | Sunsari Gadhi Construction and Company Sunsari | ५७२७०१२.३७ | ४८५०८२२.१ | १५.३० |
| ३ | BM/MOR/W/NCB/०३-२०७९-८० | Gadi Gau dekhi Basbari Jane Black Top Road Construction | Sunsari Gadhi Construction and Company Sunsari | ५७३२३८३.३२ | ५२१७२५८.५ | ८.९९ |

| क्र.सं | ठेक्कानं | कामकोविवरण | निर्माणव्यवसायको नाम र ठेगना | लागतअनुमान रकम | सम्झौतारकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| ४ | BM/MOR/W/NCB/०४-२०७९-८० | Sombare Dekhi Bariyati Sakha Nahar Black Top road Construction | Sistina Construction pvt ltd Morang | ५७२९९०४.४ | ५७०६७३३.९ | ०.४० |
| ५ | BM/MOR/W/NCB/०५-२०७९-८० | Mahendra ni.ma.bi. Agadi Pachkole Kelari black Top Road Construction | sistina Constructionn Pvt Ltd Morang | ५७२९५५७.९२ | ५६७९७३५.०१ | ०.८७ |
| ६ | BM/MOR/W/NCB/०६-२०७९-८० | Ratna marga Dhukur chowk samma kalopatray | Sayapatri Nirman Sewa Morang | ७५८४११३.५६ | ७४४५७९७.०४ | १.८२ |
| ७ | BM/MOR/W/NCB/०७-२०७९-८० | Chadani chowk Nalbari Sadak | P.R Construction Sunsari | ५८८९८४९.८७ | ५४९६०१५.३८ | ६.६९ |
| ८ | BM/MOR/W/NCB/०८-२०७९-८० | Construction of Belbari Multiple Campus Administrative Building | Barahakshetra Nirman sewa Sunsari | १३१४१५८०.७४ | ९५४४९८१.४५ | २७.३७ |
| ९ | BM/MOR/W/NCB/०९-२०७९-८० | Parijat Marga Estarunnati | Ridima Nirman sewa Morang | १३१५०७३८.१८ | ८८१७७२३.६८ | ३२.९५ |
| १० | BM/MOR/W/NCB/१२-२०७९-८० | Bahuni Bajar Drain Nirman | Shimla construction and Consultancy Pvt ltd. Janakpur ८ Dhanusha | ४७५३२१७.८५ | ३११७४७५.९३ | ३४.४१ |
| ११ | BM/MOR/W/NCB/१३-२०७९-८० | Lalbhitti Chowk Dakshin Dekhi Kistipul Samma Sadak Sisauli Marga (Nagarpalika Line) Sadak Sombare Dekhi Dudhaha Pul Hudai Purano Ward Office Jane Sadak Purano Malpot Marga Sadak Laxmimarga Sorabhag Sadak MarmaT | Pratik Builders Pvt Ltd Sunsari | १२९६६४५८.८३ | १२,३४१,७२९ | ४.८२ |
| १२ | BM/MOR/W/NCB/१५-२०७९-८० | Borabadh Judda Marga Kalopatre and Dangi Tole ko Pul dekhi Hardibari Tole Samma Sadak Kalopatre | Sayapatri Multipurpose Company Pvt Ltd Morang | ८७२९५५२.१९ | ८३०७६८७.५ | ४.८३ |
| १३ | BM/MOR/W/NCB/१६-२०७९-८० | Dokhar Jane Bato Bikash Basnet ko ghar hudai Dakshin School | Dharmaraj Construction Sunsari | ९६५५६३७.८४ | ८९८७७५५.२१ | ६.९२ |

## बेरुजु दफा १०७ सँग सम्बन्धित विवरण - अनुसूची -८

| सि नं | शिर्षक | विवरण | लक्ष्य | असुली रकम | असुली प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ११३१३ | एकीकृतसम्पती कर | ९००००००. | ४४८०२५८.७४ | ४९.७८ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ३००००००. | २७०५८९४.९३ | ९०.२ |
| ३ | ११३२१ | वहालकर | २००००००. | २७१८६६१.५८ | १३५.९३ |
| ४ | ११३२२ | वहालविटौरी कर | ५००००००. | ४५०२६००.०८ | ९० |
| ५ | ११४५२ | पुर्वाधारसेवाको उपयोगमा लाग्ने कर | ५००००००. | ३६०५०००. | ७२.१ |
| ७ | १४२१२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ५००००।०० | १३४४५०. | २६८.९ |
| ८ | १४२१९ | अन्यसेवा शुल्क तथा बिक्री | १००००००. | ११३६८०५.८ | ११३.६८ |
| ९ | १४२४२ | नक्सापास दस्तुर | ५००००००. | ३०७९३८४.६३ | ६१.५९ |
| १० | १४२४३ | सिफारिश दस्तुर | ९५०००००. | १७३०२४६४.०४ | १८२.१३ |
| ११ | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | १२०००००. | २५९७७८५.३४ | २१६.४८ |
| १२ | १४२४५ | नाताप्रमाणित दस्तुर | ८०००००. | १२४१७६०. | १५५.२२ |
| १३ | १४२४९ | अन्य दस्तुर | १५०००००. | ३११४८६४.४६ | २०७.६६ |
| १४ | १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ५५५००००. | ५५५५९८३. | १००.११ |
| १५ | १४३११ | न्यायिक दण्डजरिवाना र जफत | १००००००. | ४९४७९९.२३ | ४९.४८ |
| १६ | १४५२९ | अन्य राजस्व | ३००००००. | ३२०७८०७.१४ | १०६.९३ |
| जम्मा | | | ५३१०००००. | ५५२७८५१८.९७ | १०४.१ |